# अध्याय : एक

# शोध परिचय

## १.१ शोधको पृष्ठभूमि

पाठ्यक्रमको उद्देश्य देश समाज, बालबालिकाहरुको आवश्यकता पूरा गर्नका लागि तयार गरिएको योजनाबद्ध दस्तावेज हो । यसै पाठ्यक्रमका आधारमा विभिन्न पाठ्य पुस्तकहरुको तयार गरिन्छन् । यस पाठ्यक्रमको उद्देश्यका आधारमा भाषा शिक्षण गर्ने उद्देश्य अनुरुप पुस्तकहरुको निर्मित भएका हुन्छन् । पाठ्य पुस्तकहरुलाई भाषा शिक्षणका लागि महत्त्वपूर्ण र आधिकारिक सामग्री मानिन्छ । यसै पाठ्य पुस्तकका सहयोगबाट विद्यार्थीहरुले सम्बन्धित तह कक्षाको भाषा पाठ्यक्रम अनुरुप अपेक्षित उद्देश्यहरु हासिल गर्दछन् । भाषिक सिप सुनाइ बोलाइ गर्ने कलात्मक शिक्षण गर्न निर्देशन गरिएको भाषा पाठ्य पुस्तकमा पाठ्यक्रम अनुरुपका भाषिक पाठ्यांशलाई विद्यार्थीको स्तर अनुभव र आवश्यकता ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । पाठ्यक्रमले विद्यार्थीलाई मात्र होइन शिक्षकलाई के पढाउने कसरी पढाउने कसलाई पढाउने कक्षा शिक्षण क्रियाकलापको छनोट गर्ने र मूल्याङ्कन के गर्ने भन्ने बारेमा सहयोग गर्दछ । यसरी पाठ्यक्रमले योजनाबद्ध र व्यवस्थित शिक्षण गर्न विद्यार्थी उन्मुख शिक्षण गर्न तथा विद्यार्थीहरुलाई उन्मुख शिक्षण गर्न तथा विद्यार्थीहरुलाई भाषिक सिपको परिष्कृत अभ्यासमा संलग्न शिक्षकलाई मार्ग दर्शक गर्दछ । यस पाठ्यक्रमको कार्यथलो भनेको कक्षाकोठा हो । पाठ्यक्रमले अपेक्षित उद्देश्य प्राप्त गर्नका लागि पाठ्यक्रमले निर्दिष्ट गरेको विषय वस्तुलाई माध्यम बनाएर पाठ्यक्रमले सङ्केत गरेका शिक्षण विधि अपनाई पाठ्यक्रम लागु गरिन्छ । पाठ्यक्रम लागु गर्ने काममा शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ ।

पाठ्यक्रम अनुरुपताको आधारमा पाठ्य पुस्तकमा प्रयुक्त नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुका साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमका रुपमा रहँदै आएको छ । उच्च माध्यमिक तहको शैक्षिक क्रियाकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । यस नेपाली भाषामा पाठ्य पुस्तक विद्यालय तहको

प्रारम्भिक कक्षादेखि नै अनिवार्य रुपमा पठन पाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले सिकाइ गर्नु आवश्यक हुन्छ । पाठ्य पुस्तकहरु अनिवार्य रुपमा शिक्षण गर्नुको उद्देश्य नेपाली भाषामा भाषिक सिप विकास गराउनु हो । यस पाठ्य पुस्तकमा भएका विभिन्न विधागत माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै पाठ्य पुस्तक अध्यापनको मुख्य उद्देश्य हो । नेपालका विद्यालय तथा महा विद्यालयहरुमा झन्डै तिन तिन दशक अघिदेखि वैज्ञानिक पाठ्यक्रम तथा पाठ्य पुस्तक केन्द्रित नेपाली भाषा शिक्षणको प्रारम्भ भई निरन्तर रुपमा पढाइ भइरहेको छ । कुनै पनि पाठ्य पुस्तकमा नेपाली भाषाको प्रयोग गरिएको हुन्छ । भाषा एउटा विचार विनिमयका लागि प्रयोग गरिने जीवन्त र प्रभावरकारी माध्यम हो । भाषा शिक्षणका पाठ्य पुस्तक अत्यन्त महत्त्वपूर्ण सामग्री हो । शिक्षक, विद्यार्थी, अभिभावक, विषय, विशेषज्ञ, पाठ्यक्रम निर्माता आदि सबैका लागि पाठ्य पुस्तक आवश्यक हुन्छ । पाठ्यक्रम शिक्षण सिकाइको मूल दस्तावेज हो भने पाठ्य पुस्तक पाठ्यक्रमलाई कार्यान्वयन गर्न प्रयोगमा ल्याइने एक सामग्री हो । यो पाठ्यक्रमको आधारमा तयार गरिन्छ ।

पाठ्यक्रम अनुरुपता, उद्देश्य अनुरुपता, स्तर अनुरुपता आदि दृष्टिले पाठ्य पुस्तक निर्माण नहुनु नेपाली भाषा शिक्षणको अत्यन्त जटिल समस्या हो । यिनै समस्याहरुलाई पहिचान गर्न र समाधान गर्न भाषा पाठ्य पुस्तक सम्बन्धी शोधकार्य गर्नु आवश्यक छ । उच्च माध्यमिक तहमा भएको ऐच्छिक नेपाली पाठ्य पुस्तकमा भएका विभिन्न विधागत विशेषताका आधारमा विधाहरुको स्थिति के कस्तो छ भनी यसको बारेमा शोधकार्य गर्नु अति आवश्यक रहेछ । यस ऐच्छिक विषय पाठ्य पुस्तक भएको विधाहरुले विद्यार्थीहरुको स्तर र क्षमता अनुरुपको आधारमा विधाहरु सरलबाट जटिल ज्ञातबाट अज्ञात, सामान्यबाट विशिष्ट, प्रत्यक्षबाट अप्रत्यक्षको क्रमिकतामा क्रम मिलाइएको हुनु पर्दछ । यसबाट सिकाइमा सहजता क्रमिकता र व्यापकता हुनुका साथै पाठ्य पुस्तकमा भएका विषय वस्तुले विद्यार्थीहरुको सर्वाङ्गीण पक्षहरुलाई समेट्न सकिने भएमा शिक्षण प्रभावकारी हुन्छ । त्यसैले पाठ्य पुस्तकमा समाविष्ट सम्पूर्ण विधाहरु पूर्ण हुनुका साथै स्तरीय र उपयुक्त हुनु आवश्यक रहन्छ ।

## १.२ समस्या कथन

शैक्षिक उद्देश्य प्राप्तिका निम्ति जुन जुन क्रियाकलापको अनुसरण गरिन्छ । त्यसलाई सुव्यवस्थित पार्ने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रम निर्माण विभिन्न किसिमका बाधा अवरोधहरु आइ पर्छन् । पाठ्यक्रम निर्माणका क्रममा विशेष गरी सिकारुको रुचि स्तर, आवश्यकता, उमेर जस्टा कुराहरुमा ध्यान दिनुपर्ने हुन्छ । यदि उद्देश्य पूरा गर्न सक्ने खालको पाठ्यक्रम निर्माण हुन सकेन भने शैक्षिक लगानीको बर्वादका साथै विद्यार्थीहरुको भविष्य पनि अन्यौलमा पर्न जान्छ । यसका लागि पाठ्यक्रम निर्माणदेखि प्रतिफल प्राप्त हुदाँसम्मका प्रत्येक अवस्थामा शिक्षाविद् तथा पाठ्यक्रम निर्माताहरुले विशेष ख्याल गर्नुपर्ने हुन्छ । उ.मा.वि. तहमा विद्यार्थीको भाषिक सिपको मूल्याङ्कन गर्नुपर्ने कुरा पाठ्यक्रममा उल्लेख भएको छ । उ.मा.वि. तहहरुमा जे जति पाठ्य पुस्तकहरु निर्माण गरिन्छन् ती सबै पाठ्यक्रम अनुकुल हुने गरी तयार गरिएका छन् वा छैनन् भनी हेर्न समसामयिक र व्यावहारिक ठहर्छ । जसमा सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता अनुसार विभिन्न तहका शैक्षिक जनशक्ति उत्पादनमा जोड दिइएको हुन्छ । शिक्षाको राष्ट्रिय, कक्षागत, विषयगत, उद्देश्य, पूरा गर्नका लागि पाठ्यक्रम उपयुक्त पाठ्यांश र सोही अनुसारका शैक्षिक क्रियाकलाप सामग्री मूल्याङ्कन विधि समेत निर्धारण गरिएको हुन्छ । विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकास जस्ता सम्पूर्ण पक्षमा जोड दिइएको हुन्छ । शिक्षालाई समयानुकूल र उद्देश्यमूलक बनाउनका लागि पाठ्यक्रमलाई समय सापेक्ष र जीवनोपयोगी बनाउनु जरुरी हुन्छ । पाठ्यक्रम परिवर्तन हुनु आवश्यक हुन्छ । कुन समयमा के कस्तो पाठ्यक्रम निर्माण भएको छ र त्यसमा के कस्ता विषय वस्तु समावेश भएका के-कस्ता विधाहरु छन् भन्ने कुराको अध्ययन विश्लेषणले भावी पाठ्यक्रम निर्माणमा समेत सहयोग पुग्ने गरी मध्यनजर राखी **पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक** अध्ययनमा गरिएको यस शोधकार्य निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

क) कक्षा एघारको नेपाली पाठ्य पुस्तकमा समावेश गरिएका विधाहरु पाठ्यक्रम अनुरुप छन्, छैनन् ?

ख)	पाठ्य पुस्तकमा समावेश गरिएका पाठ्यक्रमका विधागत विविधता क्षेत्र र क्रम छनोट र स्तरण के कस्तो रहेको छ ?

ग)	कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकमा पाठ्यक्रमले अपेक्षा गरे अनुसार भाषाको चारवटै सिपको व्यवस्था उपयोग गरिएको छ, छैन ?

## १.३ शोधको उद्देश्य

यो शोधकार्य निम्न लिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क)	कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक पाठ्यक्रम अनुरुपताका आधारमा अवस्था पहिल्याउनु ।

ख)	पाठ्य पुस्तकमा समावेश गरिएको विधागत विविधता क्षेत्र र क्रम छनोट र स्तरणको अवस्था प्रस्तुत गर्नु ।

ग)	कक्षा एघारको ऐच्छिक नेपाली पाठ्यक्रमका उद्देश्य अनुरुप सिपपरक उपयोग स्थिति खोजी गर्नु ।

## १.४ शोधको औचित्य र महत्त्व

पाठ्यक्रम शैक्षिक कार्यक्रमको मेरुदण्ड हो । विद्यार्थीहरुमा आवश्यकता अनुरुप व्यावहारिक परिवर्तन ल्याउनका लागि सिकाइ अनुभव एकत्रित गर्न र त्यसको शिक्षणबाट विद्यार्थीहरुमा आएका परिवर्तनहरुको अङ्कन, लेखाजोखा तथा मूल्याङ्कन गर्न तयार पारिने योजना पाठ्यक्रममा निर्धारण गरिएको हुन्छ । शोध भनेको ज्ञानको खोजी गर्ने नयाँ कुरा पत्ता लगाउने भएकोले एउटा खोज अनुसन्धान गर्न जटिल कार्यको रुपमा लिइएको पाइन्छ । यो कार्य नवीन तथा गहन ज्ञान प्राप्तिका लागि गरिन्छ । कुनै पनि क्षेत्र वा विषय वस्तुको अध्ययन विश्लेषण गर्नु महत्त्वपूर्ण कार्य हो । अध्ययन तथा विश्लेषण कार्य क्षेत्र तथा सीमा फराकिलो भएकाले सोही अनुरुप शोधको अध्ययनको औचित्य र उपयोगिताको पनि निर्धारण गरिन्छ । शोधका निम्ति धेरै समय, श्रम र साधन खर्च हुने भएकाले यो कार्य सैद्धान्तिक र व्यावहारिक रुपमा औचित्यपूर्ण उपयोगी र महत्त्वपूर्ण हुन आवश्यक देखिन्छ । राष्ट्रिय र सामाजिक तथा विद्यार्थीका आवश्यकता अनुसार समयानुकूल शिक्षा नीति एवम् शैक्षिक उद्देश्यहरु तयार पारिएका हुन्छन् । त्यसै अनुसारका

विषय वस्तु तथा सामग्रीहरु जुटाएर पाठ्यक्रम निर्माण गरियो भने शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी एवम् सान्दर्भिक हुन सक्दछ । यस अध्ययनबाट कक्षा एघारको ऐच्छिक नेपाली विषय पाठ्यक्रम अनुरुपताका आधारमा भाषिक सिप पाठ्यक्रम अनुसार निर्मित विधाका क्षेत्र, क्रम र स्तरण प्रदान गर्दछन् । यसरी पाठ्यक्रम अनुरुपताको अध्ययन गर्दा पाठ्यक्रम अनुसार भाषिक सिप विकासका लागि सहयोगी पाठ्य सामग्रीहरुको पर्याप्तता र उपयुक्तता पहिल्याउन सकिन्छ । पाठ्य पुस्तकमा समाविष्ट विधाहरुले तिनको विषय वस्तु अनुसार भाषिक सिर्जनात्मक पाठ्यक्रम उद्देश्यसँग मिल्ने खालका हुनु पर्दछ ।

पाठ्यक्रम अनुरुप क्षेत्र क्रम छनोट स्तरण भएको वा नभएको कमी कमजोरी औल्याउँन सहयोग मिल्दछ । यसरी पाठ्यक्रम अनुरुप नभएमा पाठ्यक्रमले राखेको उद्देश्यहरु पूरा नभई भाषिक क्षमताको विकास गर्न कठिनाई पर्न सक्छ । त्यसैले पाठ्य पुस्तकमा भएका पाठ्यक्रम कमी कमजोरीहरुलाई निराकरण गर्दै लैजान र भविष्यमा निर्माणमा गरिने पाठ्य पुस्तकलाई स्तरयुक्त बनाउन यस अध्ययनको महत्त्वपूर्ण पक्ष हो । यस अध्ययन समस्या समाधानार्थ दिइएका सुझावबाट शिक्षक, पाठ्यक्रमविद्, पाठ्य पुस्तक निर्माता, विषय विशेषज्ञलाई समेत केही हदसम्म मार्ग प्रदर्शन गर्ने अपेक्षा गरिएको हुदाँ यो शोधकार्य औचित्यपूर्ण रहने छ ।
शोधको औचित्यलाई बुदाँगत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) शोधपत्र पाठ्यक्रम अनुरुपताका आधारमा उद्देश्यपरकता व्यावहारिकता विधागत विविधता, सिपमूलक आदि दृष्टिले उपयुक्त कक्षा एघारको ऐच्छिक विषय नेपाली पाठ्य पुस्तक निर्माणको आधार बन्न सक्नेछ ।

ख) पाठ्य पुस्तकमा समावेश गरिएका विधागत क्षेत्र र क्रम छनोट तथा स्तरणले सम्बन्धित सबैलाई समस्या रहित र दोषमुक्त पाठ्य पुस्तक निर्माणतर्फ मार्ग निर्देशन गर्न सक्नेछ ।

ग) यस शोध कार्यबाट ऐच्छिक नेपाली विषयमा अध्ययन अध्यापन गर्न चाहने अध्येतालाई सहयोग प्राप्त सक्नेछ ।

घ) यस अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्ष शिक्षा क्षेत्रका विभिन्न निकायहरु तथा ऐच्छिक नेपाली विषय पाठ्य पुस्तक निर्माणकर्ताका लागि साथै सरोकारवालाहरुका लागि औचित्य तथा महत्त्वपूर्ण हुने आशा गरिएको छ ।

## १.५ शोधको सीमाङ्कन

अनुसन्धान एक व्यापक र विस्तृत विषय क्षेत्र भएकोले आफैँमा जटिल तथा समस्यामूलक कार्य हो । यसलाई सु-सम्पन्न गर्नका लागि योजनाबद्ध कार्यक्रम सञ्चालन गर्नुका साथै सुक्ष्म र गहन अध्ययनको आवयकता पर्दछ । शोधकार्यमा अध्येताले अध्ययन गर्नु पर्ने विषयको प्रयोजन, समय सीमा, आर्थिक कठिनाइ एवम् अन्य कतिपय कारणहरुले गर्दा सीमा निर्धारण गर्नुपर्ने हुन्छ । सीमाङ्कनले अध्ययनलाई केन्द्रित, सङ्गठिन र सही दिशा निर्देश गर्दछ । यो शोधकार्य उच्च माध्यमिक शिक्षा परिषद्बाट स्वीकृत सार्वजनिक तथा निजी विद्यालयहरुमा पठनपाठन हुदैँ आइरहेको कक्षा एघारको ऐच्छिक नेपाली विषयको पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकमा भएका सबल एवम् दुर्बल पक्षहरुको पहिचान गरी निष्कर्ष एवम् सुझाव दिने कार्यसम्म यस शोधको सीमा निर्धारण गरिएको छ । सम्पूर्ण क्षेत्रलाई समेटी शोधकार्य गर्दा निश्चित समयमा निष्कर्षमा पुग्न सकिँदैन । त्यसैले शोधकार्यको सीमाङ्कन गर्नु आवश्यक हुन्छ । यस शोधपत्रलाई निश्चित टुङ्गोमा पुऱ्याउनका लागि निश्चित सीमामा आबद्ध गर्नुपर्ने हुन्छ । त्यसै अनुरुप यस शोधलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) उच्च माध्यमिक तह कक्षा एघारको ऐच्छिक नेपाली विषय पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकमा मात्र सीमित रहेको छ ।

ख) उक्त पाठ्य पुस्तकमा समाविष्ट विधाहरुमा मात्र सीमित रहेको छ ।

ग) कक्षा एघार ऐच्छिक विषय नेपाली पाठ्यक्रममा मात्र केन्द्रित छ ।

घ) पाठ्यक्रमका उद्देश्यहरु पाठ्य वस्तुको क्रम क्षेत्र छनोट र स्तरण जस्ता पक्षको मात्र अध्ययन गरिएको छ ।

ङ) पाठ्यक्रमले निर्धारण गरे अनुरुप पाठ्य पुस्तक व्यावहारिक तथा सान्दर्भिक भए नभएको बारे खोजी गरिएको छ ।

च) यो अध्ययन पुस्तकालयीय विधिमा मात्र सीमित रहेको छ ।

## १.६ प्रयुक्त विशेष शब्दहरुको परिभाषा

**पाठ्यक्रम** : विद्यार्थीले विद्यालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्न सक्ने अनुभव, ज्ञान, सिप, आदिको शैक्षिक योजना ।

**पाठ्य पुस्तक** : पाठ्य विषय वस्तु सङ्कलन गरिएको पुस्तक कक्षामा पढ्नुपर्ने पुस्तक ।

**अनुरुपता** : ज्ञान र सिपको शिक्षणमा एक रुपता ल्याउने प्रयास ।

**शैक्षणिक उद्‌देश्य** : विद्यार्थीलाई शिक्षा प्रदान गर्नका लागि तयार गरिने लक्ष्य ।

**विधागत विश्लेषण** : साहित्यमा पाइने अभिव्यक्तिका प्रकारको आधारमा गरिने व्याख्या ।

**सिपगत विश्लेषण** : नेपाली भाषाका भाषागत सिपका आधारमा गरिने व्याख्या ।

**ऐच्छिक विषय** : विद्यार्थीहरुले आफ्नो इच्छा अनुसार विषय चयन तथा छनोट ।

**समाविष्ट** : पाठ्य पुस्तकमा समावेश गरिएको सामग्री वा विषय वस्तु ।

**मूल्याङ्कन** : कसैको कार्य, योग्यता आदि जाँच्ने काम, परीक्षा लिएर स्तर ठम्याउने काम, स्तरको निर्धारण ।

## १.७ शोधपत्रको रुपरेखा

शोधपत्रको रुपरेखा यस प्रकार गठन गरिएको छ :

**अध्याय एक** : शोध परिचय

**अध्याय दुई** : पूर्वकार्यको समीक्षा, यसको उपयोग र सैद्‌धान्तिक अवधारणा

**अध्याय तिन** : शोधविधि र प्रक्रिया

**अध्याय चार** : तथ्यहरुको प्रस्तुतीकरण र विश्लेषण

**अध्याय पाँच** : सारांश, निष्कर्ष र उपयोग

**सन्दर्भ सूची**

**परिशिष्ट**

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यस अघि तयार पारिएका पुस्तक पत्रपत्रिका, लेख, शोध, प्रबन्ध प्रतिवेदन आदिको व्यवस्थित रुपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । शोधकार्यलाई व्यवस्थित, क्रमबद्ध र समय सीमा भित्र पूरा गर्न सम्बन्धित विषयमा भएका पूर्व अध्ययनको समीक्षा गरी अनुसन्धेय क्षेत्र पत्ता लगाई अघि बढ्नुपर्ने हुन्छ । तसर्थ पूर्वकार्यको समीक्षा र यसको उपयोगितालाई यस प्रकार उल्लेख गरिएको छ :

## २.१ पूर्वकार्यको समीक्षा

शोधकार्य गर्नुभन्दा पहिले उक्त विषयसँग सम्बन्धित त्यस समयसम्म भएका अध्ययनको सम्यक जानकारी लिन पूर्वकार्यको पुनरावलोकन गरिन्छ । हालसम्म शोधसँग सम्बन्धित के कति कार्य भएका छन् तिनको गहन र विस्तृत अध्ययन गरी कालक्रमिक विवरण दिनुका साथै ती अध्ययनहरुको सङ्क्षिप्त समीक्षात्मक टिप्पणी गरिएको छ । सम्बन्धित विषय शीर्षकमा आफ्नो अध्ययन भन्दा पूर्ण अध्ययन भई सकेका र हुन बाँकी रहेका क्षेत्र बारे थाहा पाउन यसले सहयोग गर्दछ । यसले पूर्व अध्ययनका सबल र दुर्बल पक्षहरुलाई केलाई सकारात्मक पक्षको अवलम्बन गरी नयाँ मार्ग निर्देश गर्न अहम् भूमिका निर्वाह गर्नुका साथै शीर्षक चयनमा हुन सक्ने सम्भावित पुनरावृत्तिलाई रोकेर शोधको मौलिक पक्षलाई सुनिश्चित गर्छ । पूर्वकार्यको आधारमा अध्ययन अनुसन्धान गर्दा भावी अनुसन्धानमा समस्या कम हुन्छ र भाषालाई भावनात्मक र वैचारिकताको बोध गराउने माध्यम भएकाले भाषा पाठ्यक्रमको अध्ययन भइरहनु आवश्यक मानिन्छ । यस्ता अध्ययनका लागि विभिन्न प्रयासहरु हुँदै आइरहेका छन् । यसरी नेपाली ऐच्छिक विषय पाठ्यक्रमका बारेमा के कति अध्ययनहरु भएका छन् भनी थाहा पाउन पूर्वकार्यको समीक्षा गर्नु अति आवश्यक मानिन्छ । यसबाट आफुले अध्ययन गर्न खोजेको विषयमा काम गर्दा उक्त कार्यलाई सजिलैसँग अगाडि बढाउन सकिन्छ । तसर्थ शोधकार्य गर्नु पूर्व यस

अध्ययनसँग सम्बन्धित सैद्धान्तिक ढाँचाको पुनरावलोकन अध्ययन हालसम्म भएका निम्न शोधहरुको अध्ययन गरिएको छ :

घिमिरे (२०५१), द्वारा **पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन** शीर्षकमा पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमका बिच तुलना गर्न उद्देश्य, अङ्कभार, पाठ्यभार, विषय वस्तु र मूल्याङ्कनलाई नेपाली भाषा पाठ्यक्रमका समानता असमानता उपयुक्तता अनुपयुक्तताका बारेमा अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा पुस्तकालयीय विधि अपनाइएको छ । उक्त शोधमा विश्लेषणात्मक तथा व्याख्यात्मक, तुलनात्मक विधिको प्रयोग गरी गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा पुरानो नेपाली भाषा पाठ्यक्रममा भएको कमजोरीमा सुधार गरी नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमको प्रभावकारी मूल्याङ्कन गर्ने उद्देश्य केन्द्रित छ । यस अध्ययनमा पाठ्यक्रममा भाषा शिक्षणका दृष्टिले उपयुक्त सिर्जनात्मक अभ्यास तथा विषय वस्तु हुनुपर्ने सुझावहरु प्रस्तुत गरी निष्कर्ष निकालिएको छ ।

पुरी (२०५३), द्वारा **प्राथमिक शिक्षा नेपाली भाषा पाठ्यक्रम २०३६/३८ र २०४९ को तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनमा २०३८ र २०४९ का प्राथमिक शिक्षा नेपाली पाठ्यक्रम बिच तुलना गर्नको लागि उद्देश्य विषय वस्तु शैक्षिक सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई आधार बनाइएको छ ।

दाहाल (२०५५), द्वारा **निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्य पुस्तकमा प्रयक्त नमूना अभ्यासः एक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । प्रस्तुत शोधकार्य गर्नुको उद्देश्य हाम्रो नेपालीमा दिइएका नमूना अभ्यासहरुका सबल र दुर्बल पक्षको पहिचान एवम् निर्क्योल गर्नु विभिन्न रुपमा स्तरगत दृष्टिले वर्गीकरण र विश्लेषण हाम्रो नेपाली किताबमा भएका शब्दार्थ भाषा तत्त्व र सिर्जनात्मक अभ्यासका सम्बन्धमा विश्लेषण गर्नु, उक्त क्षेत्रमा देखिएका कमजोरीहरुको सुधारका लागि सुझाव पेस गर्नुपर्ने अवस्था छ । प्रस्तुत शोध पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । निष्कर्षमा प्रश्नहरुको निर्माणमा व्यावहारिक सन्तुलन नभएको,

प्रश्नहरुको प्रकृति अनुसार सङ्ख्यात्मक अनुपात नमिलेको सिर्जनात्मक प्रकृतिका प्रश्नहरु निर्माण गरिनाले विधागत प्रयोजनलाई पूर्णता ख्याल नगरिएको पाइन्छ । सुझाव अन्तर्गत पाठ्य पुस्तकमा समावेश गरिने प्रश्नहरुको पर्याप्तता, उपयुक्तता र उपयोगिताका आधारमा आगामी संस्करणमा सुधारको अपेक्षा गरिएको छ । नमूना अभ्यासको संयोजन विद्यार्थीको बौद्धिक क्षमता मानसिक विकास र परिपक्वताका आधारमा राखिनु पर्ने सुझावहरु पाइएको छ ।

कार्की (२०५६), द्वारा **कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासहरुको विश्लेषण** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधको निष्कर्षमा भाषिक सिपमूलक अभ्यासको कमी, सबै विधाहरुको सन्तुलनको अभाव, उपयुक्त प्रश्नको छनौट आदि कुरामा ध्यान पुऱ्याउन नसकेको कुराहरु औंल्याइएको पाइन्छ प्रस्तुत शोधमा पुस्तकालय विधि अपनाइएको छ । उक्त शोधमा गुणात्मक ढाँचामा केन्द्रित भई अभ्यास खण्डमा भएको स्थितिको पहिचान गरी भाषिक सिप विकास गर्ने उद्देश्य रहेको छ । र यस अध्ययनमा सिपमूलक अभ्यासको कमी, सबै विधाहरुको सन्तुलनको अभावमा सुधार गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

शर्मा (२०५७), द्वारा **निम्न माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०२८ र २०४९/५० को तुलनात्मक अध्ययन** शीर्षकमा शोध कार्य सम्पन्न गरिएको छ । निम्न माध्यमिक भाषा पाठ्क्रमका सापेक्षतामा नेपाली भाषा पाठ्यक्रमको विकासक्रमको वर्णन गर्ने, नि.मा.वि. तहका भाषा पाठ्यक्रमका प्रवृत्ति ठम्याउने र विश्लेषण गर्ने भाषिक मूल्याङ्कनका प्रमुख अङ्गहरुका आधारमा २०३८ र २०४९ सालका नि.मा.वि. नेपाली पाठ्यक्रमका विशेषता पहिल्याउने, तुलनात्मक विश्लेषण गर्ने र उक्त भाषा पाठ्यक्रम भाषा शिक्षणका दृष्टिकोणले उपयुक्तता, अनुपयुक्तता भएको ठम्याई सुधारका निम्ति सुझाव प्रस्तुत गर्ने उद्देश्य उक्त शोधको रहेको छ । प्रस्तुत शोधमा पुस्तकालयीय विधि अपनाइएको छ । उक्त शोधमा विश्लेषणात्मक, व्याख्यात्मक, तुलनात्मक विधिको पनि प्रयोग गरिएको पाइन्छ । लेखाइलाई बढी जोड दिने किसिमका उद्देश्य समावेश गरिएको, शब्द भण्डारसँग सम्बन्धित उद्देश्य समावेश गर्न नसकेको, वक्तृत्व सिपको विकास गर्ने गरी विषय वस्तु समावेश गर्न नसकिएको, शिक्षण विधि तथा मूल्याङ्कनमा

आन्तरिक र बाह्य मूल्याङ्कनको स्पष्ट व्यवस्था नगरिएको जस्ता सुझावहरु प्रस्तुत शोधपत्रमा दिइएको छ ।

थापा (२०६१), द्वारा **माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमको विकासक्रम पहिल्याउने, माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ का विशेषताहरुको पहिचान गर्ने र पाठ्यक्रम निर्माणमा देखा परेका कमी कमजोरी पहिचान गरी सुझाव प्रस्तुत गर्ने जस्ता उद्देश्यमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ । पुस्तकालयीय विधि अवलम्बन गरिएको छ । दुवै पाठ्यक्रममा राष्ट्रिय उद्देश्य समावेश गरिएको, दुवैमा विधागत विविधता रहेको जस्ता सबलता र दुवै पाठ्यक्रममा सिपको परीक्षण कसरी गर्ने भन्ने कुरा उल्लेख नगरिएको शिक्षण विधिबारे उल्लेख नगरिएको जस्ता दुर्बलताहरु शोधमा औंल्याइएको छ ।

थापा (२०६२), द्वारा **माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्न उद्देश्य, विधा, अङ्कभार, शिक्षण सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई आधार बनाइएको छ । शोध पत्रको लागि पुस्तकालयीय विधि उपयोग गरिएको छ । गुणात्मक तथा विश्लेषणात्मक ढाँचामा शोध पत्र प्रस्तुत गरिएको छ । यस शोध पत्रमा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा भएका कमी कमजोरी औंल्याइ त्यसमा सुधार गर्नुपर्ने पक्षहरु उल्लेख गरी निष्कर्ष र अन्त्यमा सुझावका साथै भाव अनुसन्धानका लागि सम्भावित शीर्षकहरु समेत उल्लेख गरिएको पाइन्छ ।

पुरी (२०६२), द्वारा **माध्यमिक र उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रम (२०३८/२०४९) को तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको माध्यमिक र उच्च माध्यमिक पाठ्यक्रमका सापेक्षतामा नेपाली भाषा पाठ्यक्रमको विकासक्रमको वर्णन गर्ने भाषिक मूल्याङ्कनका दृष्टिले दुवै पाठ्यक्रमको भाषिक सिप, भाषा, तत्व, बोध, अभिव्यक्ति, रचना शिल्पको आदि मूल्याङ्कन गर्ने, दुवै

पाठ्यक्रमको वर्तमान स्थितिको अध्ययन, तुलना मूल्याङ्कन र विश्लेषण गर्ने जस्ता उद्देश्यमा प्रस्तुत शोध केन्द्रित रहेको छ । प्रस्तुत शोधका क्रममा पुस्तकालयीय विधि उपयोग गरिएको छ । दुवै तहका पाठ्यक्रममा लैङ्गिक समानतालाई विचार नपुऱ्याइएको, दुवै तहका पाठ्यक्रमका प्रत्येक एकाइमा अङ्कभार र पाठ्यभार समावेश नगरिएको, कुरा उल्लेख गर्नुका साथै दुवै तहका उद्देश्यहरु भाषिक सिप, बोध र अभिव्यक्ति जस्ता पक्षसँग सम्बन्धित रहेको निष्कर्ष शोधमा उल्लेख गरेको पाइन्छ ।

पाण्डे (२०६३), द्वारा **कक्षा सातको नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य विविध दृष्टिकोणले कक्षा सातको पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको विवेचना गर्नु, पाठ्य पुस्तकका नमुना अभ्यासहरुको वर्गीकरण गर्नु, उक्त अभ्यासहरुको पाठ्यक्रम अनुरुपताको स्थिति केलाउनु, कमजोरी सुधारका लागि सुझावहरु पेस गर्नु रहेको पाइन्छ । पुस्तकालयीय खोज विधिमा प्रस्तुत शोध केन्द्रित गरिएको छ । निष्कर्ष खण्डमा भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइका लागि उद्देश्य पूर्ति गर्न पाठ्य पुस्तकको महत्त्वपूर्ण भूमिका रहने, नमुना अभ्यासमा शिक्षक तथा विद्यार्थीका लागि पर्याप्त निर्देशनहरु नदिइएकाले कतिपय ठाउँमा अन्योल हुन सक्ने निष्कर्ष निकालिएको छ । भाषिक सिप विकासमा केन्द्रित गराउनु पर्ने, अभ्यासबाट स्पष्ट निर्देशन दिनुपर्ने, अभ्यासमा रुचि जगाउने कार्यकलापलाई समेट्नु पर्ने जस्ता सुझावहरु प्रस्तुत शोधमा दिइएका छन् ।

राउत (२०६७), द्वारा **कक्षा नौ को नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डको विश्लेषण** नामक शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा नौ को नेपाली पाठ्य पुस्तकमा प्रयक्त अभ्यास खण्डमा सुनाइ सिपसँग सम्बन्धित प्रश्नहरुको कमी रहेको, लेखाइ सिपको अनुपातमा पढाइ सिप सम्बन्धी अभ्यासहरु अत्यन्तै कम रहेको, अन्य भाषिक सिपका तुलनामा लेखाइ सिप अन्तर्गत धेरै प्रश्नहरु राखिएको निष्कर्ष निकालेको पाइन्छ । यसमा भाषाका चारै सिप सन्तुलन रहने गरी प्रश्न निर्माण गर्नुपर्ने, विद्यार्थीको स्तर, क्षमता र रुचिलाई ख्याल गरेर अभ्यासमा प्रश्नहरु समावेश गर्नुपर्ने जस्ता सुझावहरु उल्लेखग गरिएको पाइन्छ ।

तिवारी (२०६८), द्वारा **कक्षा एघारको सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरुको विश्लेषण** शीर्षकमा शोध गरिएको पाइन्छ । प्रस्तुत शोधकार्य गर्नुको उद्देश्य कक्षा एघारको सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासलाई पाठ्यक्रमको आधारमा विश्लेषण गर्नु पाठ्य पुस्तक रहेका व्याकरणात्मक अभ्यासहरुलाई विधा अनुरुपता स्तरीयता र विविधताका आधारमा विश्लेषण गर्नु जस्ता उद्देश्य रहेको पाइन्छ । प्रस्तुत शोध पुस्तकालयीय विधि र क्षेत्रीय विधिमा केन्द्रित गरिएको छ । प्रस्तुत शोधको निष्कर्षमा व्याकरणको स्तरीयता र विविधता पाठ्य पुस्तकको स्तरण हेर्दा पाठ्यक्रम र पाठ्य पुस्तकमा निकै हदसम्म मिलाउन खाजेको पाइन्छ । पाठ्यक्रमको अपेक्षा पूरा गर्न व्याकरण पछि हरेक ठाउँमा अभ्यासको व्यवस्था समेत गरी निकै राम्रो बनाउने चेष्टा गरिएको, सैद्धान्तिक ज्ञानको प्रस्तुति कम हुनाले उद्देश्यसम्म पुग्न अझै सैद्धान्तिक ज्ञान थप्नु पर्ने, कार्यमूलक व्याकरणको अवधारणा अनुरुप पाठ्य पुस्तक निर्माताले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । व्याकरणको प्रस्तुति ढाँचामा विविधता ल्याउन वस्तुगत प्रश्नहरु थप गरिनुपर्ने, दिगो सिकाइका लागि व्याकरणको सैद्धान्तिक ज्ञानमा केही ध्यान पुऱ्याउनु पर्ने जस्ता सुझाव दिइएको पाइन्छ ।

थापा (२०७०), द्वारा **कक्षा सात र आठको नेपाली पाठ्य पुस्तकमा समावेश गरिएको नमुना अभ्यासको अध्ययन** शीर्षकमा शोध गरिएको पाइन्छ । प्रस्तुत शोधकार्य गर्नुको उद्देश्य कक्षा सात र आठको नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरुको भाषिक सिपको आधारमा स्वरुप पहिल्याउनु, विभिन्न प्रकृतिका विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरु उपयुक्त भए नभएको औंल्याउनु, कक्षाको तह अनुसार पाठ्य पुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन गर्नु, दुवै पाठ्य पुस्तकमा समावेश गरिएका अभ्यासहरुको सुधार को लागि सुझाव दिनु रहेको पाइन्छ । पुस्तकालयीय विधि र तुलनात्मक विधिमा केन्द्रित रहेर उक्त शोधकार्य गरिएको पाइन्छ । प्रस्तुत शोधका निष्कर्षमा कथ्य अभिव्यक्तिसँग सम्बन्धित प्रश्नहरु कम मात्रामा समावेश भएको, दुवै कक्षामा लेखाइ सिपमा आधारित प्रश्नहरु बढी मात्रामा देखिएको तथ्य औंल्याइएको छ । पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्ने खालका अभ्यासहरु पाठ्य

पुस्तकमा समावेश गर्नुपर्ने, विद्यार्थीको बौद्धिकता परीक्षण गर्ने खालका वस्तुगत प्रश्नको सङ्ख्या बढाउनुपर्ने जस्ता सुझावहरु दिइएको पाइन्छ ।

के.सी. (२०७१), द्वारा **कक्षा सातको नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा सातको नेपाली पाठ्य पुस्तकमा समाविष्त नमुना अभ्यासको विधागत र सिपगत आधारमा विश्लेषण गर्नु उद्देश्य राखिएको पाइन्छ । उक्त शोध पुस्तकालयीय विधिमा आधारित रहेको पाइन्छ । प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा मौखिक अभिव्यक्ति सम्बन्धी अभ्यासको कमी रहेको, व्याकरणात्मक अभ्यास अस्पष्ट रहेको, सुनाइ र पढाइ सिपका तुलनामा लेखाइ सिपमा बढी जोड दिइएको, उखान टुक्काको कम प्रयोग भएको निष्कर्ष निकालिएको छ । त्यसैगरी भाषाको चारै सिपलाई समानुपातिक र एकीकृत लैजानु पर्ने, नमूना अभ्यास निर्माणमा बाल मनोविज्ञानलाई ध्यान दिनुपर्ने, व्याकरणगत शृङ्खला मिलाउनु पर्ने, सिर्जात्मक अभ्यासमा बढीजोड दिनुपर्ने जस्ता सुझावहरु दिइएको पाइन्छ ।

उपर्युक्त शोधपत्रको अध्ययनबाट नेपाली पाठ्य पुस्तकको विभिन्न कोणहरु पाठ्यक्रम अनुरुपता, विधागत, सिपगत, तहगतबाट अध्ययन विश्लेषण भए तापनि पूर्ण रुपमा सबै तहको अभ्यासको अध्ययन भएको पाइँदैन । भाषा पाठ्यक्रम र पाठ्य पुस्तक भित्रका राम्रा नराम्रा पक्ष केलाउँदा विद्यार्थीको रुचि, स्तर र तह अनुसारका सबै भाषिक सिपलाई समेट्ने किसिमका पाठ्यक्रम अनुरुपताका आधारमा ऐच्छिक विषय नेपाली विषय हुन आवश्यक देखिन्छ । पाठ्य पुस्तकमा समाविष्ट विधाहरु उद्देश्यमुखी हुनु अति महत्त्वपूर्ण मानिन्छ । पाठ्यक्रम अनुरुपताका आधारमा उच्च माध्यमिक तहहरुमा अनिवार्य सबैको नेपाली पाठ्य पुस्तकको सैद्धान्तिक आधारबाट केही अध्ययनहरु भए तापनि ऐच्छिक विषय नेपाल पाठ्य पुस्तक कक्षा एघारको हालसम्म कुनै अध्ययन भएको पाइँदैन । यसलाई मध्यनजर गर्दा पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकमा समाविष्ट भएका विधागत सिपगत, क्षेत्र, क्रम, छनोट र स्तरण, साथै भाषाको चारवटै सिपको उपयोगको वितरण आधारमा स्पष्ट पार्न, भाषिक

सिपलाई समानुपातिक रुपमा जोड दिन पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकको उद्देश्य प्राप्तिमा भएका कमी कमजोरी पत्ता लगाई आवश्यक सुझावहरु पेस गरी यस शोधकार्यलाई अझ नयाँ ढङ्गमा विश्लेषण गरी पाठ्य पुस्तकमा देखिएका कमी कमजोरीहरु निराकरण गर्दै अगाडि बढ्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.२ पूर्वकार्य समीक्षाको उपयोग

अध्ययन अनुसन्धान गर्नु भन्दा अगाडि गरिएका शोधकार्यहरुले अनुसन्धानका लागि ढोका खोल्ने काम गर्दछन् । शीर्षक छनोट गर्दा सम्बन्धित विषयमा भएका पूर्वकार्य र भविष्यमा गर्न सकिने सम्भावित अध्ययनको रुपरेखा कोर्न सकिन्छ । पूर्वकार्यको समीक्षा गरेपछि अध्येता आफ्नो शोधको शीर्षक चयन, समस्या निर्क्यौल उद्देश्य निर्धारण आदि पक्षको रुपरेखा तयार पार्न सक्दछ । सम्बन्धित विषयमा के कति अध्ययन भए, के कति हुन बाँकी छन् र के कति अध्ययनले के प्रभाव पारे भन्ने पुनः मूल्याङ्कन गर्न सकिन्छ ।

पूर्वकार्य अध्ययनको आधारशिला भएकाले एउटै विषयसँग सम्बन्धित अनुसन्धान पटक पटक दोहोरिन सम्भावना कम हुनुका साथै शोधार्थीलाई विगतको कार्यले वर्तमानमा खोज अनुसन्धान गर्न सहयोग पुग्ने हुँदा पूर्व अध्ययनको महत्त्व सर्वोपरी मानिन्छ । शोधार्थीले शोधकार्य आरम्भ गर्दा वा शोधपत्र तयार गर्दा आफूले चयन गरेको शोध शीर्षकमा के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको समेत सम्बन्धित विषयमा विज्ञ बन्न मद्दत गर्ने हुँदा प्रस्तुत शोधकार्यसँग सम्बन्धित पूर्वकार्यको समीक्षा गर्ने गरिन्छ ।

पूर्व अध्ययनका समस्याहरुको समाधान पछिल्लो चरणका शोधकार्यले गर्ने गर्दछन् । पूर्वकार्यको समीक्षा शिक्षक, विद्यार्थी, पाठ्य पुस्तक लेखक, पाठ्यक्रमविद् विषय विशेषज्ञका साथै पछिल्ला चरणमा गरिने अनुसन्धानका लागि उपयोगी हुनेछ । समयानुकुल पाठ्यक्रम र पाठ्य पुस्तक परिवर्तन र सुधारमा पनि सहयोग पुग्ने हुँदा अध्ययन अनुसन्धानमा पूर्वकार्य समीक्षाको महत्त्व अहम् रहन्छ ।

## २.३ सैद्धान्तिक अवधारणा

सैद्धान्तिक अवधारणा अन्तर्गत अनुसन्धान विषयसँग सम्बन्धित सैद्धान्तिक अवधारणाको चर्चा गरिएको छ । प्रस्तुत शोधकार्य पाठ्यक्रम अनुरुपताका आधारमा ऐच्छिक विषय नेपाली पाठ्य पुस्तकसँग सम्बन्धित भएकाले यसमा पाठ्यक्रमको परिचय, पाठ्य पुस्तकको परिचय, पाठ्यक्रमका तत्त्वहरु, पाठ्यक्रम लक्ष्यका स्रोतहरु, पाठ्यक्रमका विकासका सिद्धान्त, पाठ्यक्र विश्लेषणका आधार शिक्षण सामग्री, प्रक्रिया मूल्याङ्कन तथा भाषा पाठ्य पुस्तकको आवश्यकता तथा महत्त्व, भाषा पाठ्यक्रम र भाषा पाठ्य पुस्तकको सम्बन्ध भाषा पाठ्य पुस्तक अध्ययनका आधारहरु उल्लेख गरिएको छ । पाठ्य पुस्तकमा समावेश विधागत तथा क्षेत्र, क्रम, छनोट तथा स्तरणको साथै भाषिक सिपको अध्ययन आवश्यकता र महत्त्वलाई पनि प्रस्तुत गरिएको छ ।

### २.३.१ पाठ्यक्रमको परिचय

पाठ्यक्रम अङ्ग्रेजी शब्द ‘करिक्युलम’ को नेपाली रुपान्तर हो । ‘करिक्युलम’ शब्द ल्याटिन भाषाबाट विकसित भएको हो । यसको शाब्दिक अर्थ ‘टुरन’ हुन्छ । यस आधारमा ‘करिक्युलम’ को अर्थ ‘रनवे’ (दौडको मैदान) भन्ने हुन्छ । पाठ्यक्रम त्यस्तो धवान मार्ग हो । जसमा विद्यार्थीहरु दौडेर आफ्नो गन्तव्यसम्म पुग्दछन् । यसलाई पाठ्यक्रमको सङ्कुचित अर्थ मानिन्छ । पाठ्यक्रम भनेको एउटा सिङ्गो शैक्षणिक कार्यक्रम हो (अधिकारी, २०६८ : ६६) ।

सिकारुको सिकाइ अनुभव एवम् शिक्षण सिकाइलाई निर्दिष्ट गर्न सबै आवश्यक तत्त्वहरु समावेश गरिएको दस्तावेजलाई पाठ्यक्रमका रुपमा लिइन्छ । पाठ्यक्रमलाई व्यापक अर्थको रुपमा लिँदा यसले शिक्षाका लक्ष्य तथा उद्देश्य, सिकाइ, सामग्री, सिकाइ विषय वस्तु, सिकाइ अनुभाव, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन जस्ता अङ्गहरुलाई समेटेको हुन्छ । पाठ्यक्रमले शैक्षिक अनुभव, शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ वातावरण एवम् सिकारुको सम्पूर्ण सिकाई पक्षलाई समेट्ने भएकाले पनि पाठ्यक्रमको अर्थलाई व्यापक एवम् विस्तृत अर्थका रुपमा

लिनुपर्ने हुन्छ । पाठ्यक्रम कक्षा भित्र र बाहिर प्रयोग सम्पूर्ण शैक्षणिक कार्यक्रमको व्यापक एवम् विस्तृत योजनाबद्ध दस्तावेज हो (श्रेष्ठ र अन्य, २०६६ : ४) ।

पाठ्यक्रमभित्र विद्यार्थी, शिक्षक, अभिभावक र समाजको इच्छा, चाहना, आवश्यकता एवम् भावनाहरु प्रतिबिम्बित हुन्छन् । पाठ्यक्रम शैक्षिक संस्थाका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने मेरुदण्ड नै हो । व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक, नैतिक, चारित्रिक, सिर्जनात्मक आदि पक्षको विकाससँग पाठ्यक्रमको सम्बन्ध हुन्छ । पाठ्यक्रम भन्नाले शिक्षाको उद्देश्य, लक्ष्य, विषय वस्तु, शिक्षण प्रक्रिया, शिक्षण स्रोत तथा मूल्याङ्कनका साधनको व्यवस्था भन्ने बुझिन्छ । जुन विद्यालयभित्र वा बाहिर शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्न योजना बद्ध रुपले लागु गरिएको हुन्छ (अधिकारी, २०७३ : २१) ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले पाठ्य पुस्तकलाई पाठ्य विषय वस्तु सङ्कलन गरिएको कक्षामा पढ्नुपर्ने पाठ्य सामग्रीका रुपमा अर्थ्याएका छन् (अधिकारी र भट्टराई, २०६१ : १०) ।

विद्यालय एवम् विद्यार्थीहरुका लागि वा विद्यार्थीहरुलाई औपचारिक तबरले पढाउने पुस्तकलाई पाठ्य पुस्तक भनिन्छ (नेपाली बृहत् शब्दकोश, २०४० : ६) ।

शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ (राशिपयो, २०२८) । भाषा पाठ्यक्रम निर्माणका लागि विद्यार्थी समकालीन समाज, शैक्षिक उद्देश्य तथा दर्शन, व्यावहारिकता, गतिशीलता, सिर्जनशीलता जस्ता सिद्धान्तको प्रयोग गरी सामान्यीकरण गर्नुपर्ने हुन्छ । शिक्षाका उद्देश्यहरु प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशन अनुसारका सम्पूर्ण अनुभवहरुलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले निश्चित लक्ष्यलाई समेट्छ । यो विभिन्न राष्ट्रिय उद्देश्यलाई ध्यानमा राखेर सम्पूर्ण विद्यार्थीको अनुभवलाई आधार मानी तयार गरिएको हुन्छ । यसमा विद्यालय भित्र र बाहिरको सम्पूर्ण कार्यकलापहरुलाई लिएर तिनका अनुभवहरु सङ्गाली निर्देशन तयार गरिएको हुन्छ (शर्मा एण्ड शर्मा, २०३८ : २०) ।

### २.३.२ पाठ्यक्रमका तत्त्वहरु

पाठ्यक्रमको स्वरुप निर्माण हुन आवश्यक पर्ने अङ्गहरु नै पाठ्यक्रमका तत्त्वहरु हुन् (भट्टराई र धामी, २०६७ : ३६) । पाठ्यक्रम निर्माणमा समावेश हुने तत्त्वहरु सम्बन्धमा पाठ्यक्रम निर्माणमा समावेश हुने तत्त्वहरु सम्बन्धमा पाठ्यक्रमविद्हरु फरक मत रहेको पाइन्छ । एड्री र निकोल्सले उद्देश्यहरु, विषय वस्तु, शिक्षण विधिहरु र मूल्याङ्कनलाई पाठ्यक्रमका तत्त्व मानेका छन् (भट्टराई र धामी, २०६७ : ३६) । डी.के. ह्वीलरले लक्ष्य र उद्देश्यहरु सिकाइ अनुभवको छनोट, विषय वस्तुहरुको छनोट, सिकाइ अनुभव र विषय वस्तुको सङ्गठन र एकीकरण अनि मूल्याङ्कन गरी पाठ्यक्रमका पाँच तत्त्वको उल्लेख गरेका छन् (भट्टराई र धामी, २०६७ : ३६) । हिल्डा टाबाले लक्ष्य र उद्देश्यहरु, विषय सूची, स्रोत र सामग्रीहरु, क्रियाकलाप र मूल्याङ्कन गरी पाठ्यक्रमका पाँच तत्त्वको उल्लेख गरेको छिन् (भट्टराई र धामी, २०६७ : ३६) । राल्फ डब्लु टायलरले उद्देश्यहरु, विषय वस्तु, कार्य नीतिहरु र मूल्याङ्कन गरी पाठ्यक्रमका चार तत्त्वको उल्लेख गरेको छन् (भट्टाई र धामी, २०६७ : ३६-३७) । यसरी विभिन्न पाठ्यक्रमविद्हरु पाठ्यक्रमका तत्त्व सम्बन्धी फरक फरक धारणाहरु आएका भए तापनि बढी मात्रामा प्रचलित र सबैले स्वीकारेका पाठ्यक्रमका तत्त्वहरु उद्देश्य, विषय वस्तु, शिक्षण विधि र मूल्याङ्कन रहेका छन् (वाग्ले र पौडेल, २०६३ : ८) । यसरी पाठ्यक्रमका तत्त्वहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

#### २.३.२.१ उद्देश्य

पाठ्यक्रम निर्माण तथा विकासक्रममा पहिलो र महत्त्वपूर्ण तत्त्वका रुपमा उद्देश्यलाई लिइन्छ । शिक्षाको निश्चित अवधि पूरा गरेपछि राष्ट्रको विद्यार्थीबाट गरेको अपेक्षालाई पूरा गर्ने उद्देश्यले मार्ग निर्द्रेश गर्दछ । शैक्षिक उद्देश्यलाई साधरण उद्देश्य र विशिष्ट उद्देश्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ (शर्मा एन्ड शर्मा, २०६३ : १४२) । यसका साथै उद्देश्यलाई तहगत, कक्षागत, विषयगत आदि भागमा पनि विभाजन गर्न सकिन्छ । सिङ्गो विषयको अध्ययन अध्यापन पश्चात् अपेक्षा गरिएका व्यवहार परिवर्तनहरुको नतिजा युक्त कथनलाई नै साधरण उद्देश्य भनिन्छ । साधारण उद्देश्यमा व्यावहारिक, सामाजिक, सांस्कृतिक आदि

विविध पक्ष समेटिएका हुन्छन् । छोटो समयको अन्तरालमा कुनै विषय वस्तु अन्तर्गतका निश्चित पाठहरुको अध्ययन अध्यापन पश्चात् विद्यार्थीहरुबाट अपेक्षा गरिएका परिवर्तित व्यवहार वा उपलब्धि प्राप्तिको सङ्क्षित कथनलाई विशिष्ट उद्देश्य भनिन्छ । शैक्षिक उद्देश्य तयार गर्दा राष्ट्रिय र सामाजिक आवश्यकता, विद्यार्थीहरुको रुचि, क्षमता र आवश्यकतालाई विचार पुऱ्याइएको हुन्छ । पाठ्यक्रमका उद्देश्यहरु जति व्यावहारिक वा विशिष्ट हुन्छन्, त्यति नै महत्त्वपूर्ण मानिन्छन् (पराजुली र अन्य, २०६४ : २२) ।

### २.३.२.२ विषय वस्तु

सिकारुले सिक्ने ज्ञान, सिप, प्रवृत्ति र मूल्यहरुको सङ्गठनात्मक स्वरुपलाई विषय वस्तु भनिन्छ (भट्टराई र धामी, २०६७ : ४२) । कुनै विषयमा शिक्षण गरिने सामग्रीहरुको छनोट र सङ्गठनलाई विषय वस्तुका रुपमा लिइन्छ । विषय वस्तु पाठ्यक्रम निर्माण र विकासको दोस्रो महत्त्वपूर्ण चरण हो । पाठ्यक्रमले राखेका उद्देश्यहरुका आधारमा विद्यार्थीहरुलाई प्रदान गरिने ज्ञान, सिपको आधार विषय वस्तु हो (शर्मा एन्ड शर्मा, २०६३ : १७१) । विशिष्ट उद्देश्य वा सिकाइ उपलब्धिहरुको आधारमा विद्यार्थीमा विकास गर्नुपर्ने ज्ञान, सिप र धारणालाई आधार बनाएर विषय वस्तु निर्धारण गर्नुपर्ने, पाठ्यक्रममा विषय वस्तुको छनोट गर्दा कक्षा, तह, विषय, उद्देश्य तथा आवश्यकता आदिको विश्लेषण गरिनु पर्छ । पाठ्यक्रममा विषय वस्तुलाई सरलबाट जटिल तर्फ क्रम मिलाएर विषय वस्तुको सङ्गठन गर्नुपर्छ । पाठ्यक्रममा छनौट गरिएका विषय वस्तुलाई सङ्गठित नगरेसम्म उद्देश्यहरु पूरा हुँदैनन् (पराजुली र अन्य, २०६४ : २५) ।

### २.३.२.३ शिक्षण प्रक्रिया/विधि

पाठ्यक्रमको तस्रो महत्त्वपूर्ण तत्त्वको रुपमा शिक्षण विधिलाई दिइएका छ (वाग्ले र पौडेल, २०६३ : १७) । पाठ्यक्रमले तोकेका उद्देश्यहरु प्राप्त गर्न विद्यार्थीहरुले विद्यालयभित्र र बाहिर गर्ने सम्पूर्ण गतिविधिलाई शिक्षण प्रक्रिया भनिन्छ । कस्ता प्रकारका क्रियाकलाप कक्षा कोठामा सञ्चालन गर्ने, विद्यार्थीहरुलाई सिकाइमा कसरी अभ्यास्त गराउने र विषयगत प्रस्तुति कसरी प्रभावकारी बनाउने भन्ने

आवश्यक प्रक्रिया उल्लेख गरिन्छ (पराजुली र अन्य, २०६४ : ३२) । यसका माध्यमबाट सिकारुले पाठ्यक्रमले निर्धारण गरेको ज्ञान र सिप प्राप्त गर्दछन् । विषय वस्तुको प्रकृतिका आधारमा शिक्षण विधि तयार गरिएको हुन्छ । विषय वस्तुको प्रकृति र आवश्यकता अनुसार शिक्षक केन्द्रित विधि अपनाउन सकिन्छ । यस अन्तर्गत प्रवचन, प्रदर्शन, प्रश्नोत्तर र सोधपुछ जस्ता विधिहरु पर्दछन् । त्यसरी नै सिकाइका क्रममा विद्यार्थी केन्द्रित विधिलाई अवलम्बन गर्न सकिन्छ । यस अन्तर्गत प्रयोग, शैक्षिक भ्रमण, व्यक्तिगत अध्ययन, सर्वेक्षण, समस्या समाधान जस्ता विधिहरु पर्दछन् । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अन्तरक्रिया विधि पनि अपनाइन्छ । जस अन्तर्गत छलफल, समूह शिक्षण, प्रदर्शन जस्ता विधिहरु पर्दछन् । त्यसरी नै कुनै विषय वस्तुको शिक्षणका लागि सामग्री केन्द्रित, विधि उपयोगी मानिन्छ । यस अन्तर्गत चलचित्र प्रदर्शन, शैक्षिक प्रदर्शनी जस्ता कुराहरु पर्दछन् । यसरी समय, परिस्थिति, ठाउँ सामग्रीको उपलब्धता, विषयको प्रकृति आदि विविध पक्षलाई ख्याल गरी विभिन्न किसिमका शिक्षण विधिहरु अवलम्बन गरी शिक्षण सिकाइ क्रियाकलाप गरिन्छ । सधैँ र सबै विषयका लागि एकै किसिमको विधि उपयुक्त हुँदैन । शिक्षण विधिमा शिक्षक र विद्यार्थीहरुले उद्देश्य प्राप्त गर्न निर्वाह गर्नुपर्ने क्रियाकलाप तोकिएको हुन्छ ।

### २.३.२.४ मूल्याङ्कन

सम्पूर्ण शैक्षिक क्रियाकलापको लेखाजोखा गर्ने विधि नै मूल्याङ्कन हो (जबरा र अन्य, २०६७ : ४८) विद्यार्थीले निर्धारित उद्देश्य हासिल गर्न सके कि सकेनन् भनेर लेखाजोखा गर्न मूल्याङ्कनले सहयोग पुऱ्याउँछ । मूल्याङ्कन पाठ्यक्रम विकासको अभिन्न अङ्ग हो (भट्टराई र धामी, २०६७ : ४५) । मूल्याङ्कनले उद्देश्य अनुरुप विषय वस्तुको छनोट र विषय वस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलाप भए नभएको लेखाजोखा गर्छ । शिक्षा क्षेत्रमा मूल्याङ्कनको गहनतम महत्त्व रहेको पाइन्छ (शर्मा एन्ड शर्मा, २०६३ : २७८) । यसमा उद्देश्य, विषय वस्तु छनोट, शिक्षण क्रियाकलाप आपसमा घनिष्ट रुपमा सम्बन्धित हुन्छन् । सिकारुको उपलब्धिको लेखाजोखा गर्नु तथा समस्या र कमी कमजोरीहरु पत्ता लगाउनु, शिक्षकको शिक्षण प्रभावकारिताको अध्ययन गर्नु पाठ्यक्रमको योजना,

साधन र कार्यक्रमको प्रभावकारिताको अध्ययन गर्नु तथा सिङ्गो शैक्षिक कार्यक्रमको प्रयोजन तथा उपादेयता विश्लेषण गर्न पाठ्यक्रममा मूल्याङ्कन सम्बन्धी व्यवस्था गरिएको हुन्छ (पराजुली र अन्य, २०६४ : ३५) । यसरी मूल्याङ्कन पाठ्यक्रमविद्हरु, शिक्षकहरु, विद्यालय, विद्यार्थी सबैका लागि नभई नहुने कार्य हो ।

### २.३.३ पाठ्यक्रम लक्ष्यमा स्रोतहरु

कुनै पनि शैक्षिक कार्यक्रमहरु सफल हुने वा नहुने भन्ने कुरा त्यस कार्यक्रमले राखेका उद्देश्यमा भर पर्दछ । जबसम्म उद्देश्य स्पष्ट हुँदैन । तबसम्म कार्यक्रमका कुनै पनि पक्षहरु सबल रुपमा अगाडि बढ्न सक्दैनन् । उद्देश्यले नै कार्यक्रमलाई निर्दिष्ट गर्दछ र कार्यक्रमको प्रभावकारिताले मापन गर्दछ । पाठ्यक्रम निर्माणमा उद्देश्य नै प्रमुख अङ्ग भएकाले यसको छनोट बिना पाठ्यक्रम तयार पार्न सकिँदैन । उद्देश्यका स्रोतहरु के के हुन सक्छन् भन्ने सन्दर्भमा पनि विभिन्न शिक्षाशास्त्री, मनोवैज्ञानिक, दार्शनिकहरुको एक आपसमा मतभिन्नता रहेको पाइन्छ । यसरी भिन्न रुपले व्याख्या गरे पनि उद्देश्यको औचित्यमा भने कुनै विवाद रहेको छैन । सबैका मतहरुमा एकरुपता आउन नसके पनि विभिन्न विचारधारालाई समेटेर पाठ्यक्रममा समावेश हुने उद्देश्यका स्रोतहरु निर्क्योल गर्नु आवश्यक हुन्छ । समग्र रुपमा पाठ्यक्रमका उद्देश्यका स्रोतहरुलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

१. सिकारु

२. समाज

३. विषय विज्ञ

४. दार्शनिक र समाजशास्त्रीय आधार

#### २.३.३.१ सिकारु

शिक्षा सिकारु वा विद्यार्थीलाई दिइने भएकाले विद्यार्थीमा व्यावहारिक परिवर्तन ल्याउन विद्यार्थीको आवश्यकता, रुचि, विद्यार्थीलाई दिइने सूचना, बालकले हासिल गर्ने उपलब्धि र बालकले गर्ने क्रियाकलाप आदि कुराहरु माथि ध्यान

पुऱ्याउनु पर्दछ । पाठ्यक्रम बालकको आवश्यकता, चाहना, बाल केन्द्रित, व्यवहार केन्द्रित हुनु पर्दछ । पाठ्यक्रम निर्माण गर्दा बालकका आवश्यकता, सामाजिक परिस्थित, रहन सहनको प्रक्रिया, स्वास्थ्य र खानपानमा पनि जानकारी प्राप्त गर्नु पर्दछ । बालकका भौतिक, सामाजिक र एकीकृत आवश्यकताहरुको पूर्तिका लागि पाठ्यक्रम तयार पारिने हुदाँ पाठ्यक्रमको उद्देश्यको प्रमुख स्रोतको रुपमा सिकारुलाई लिइन्छ । यसरी बालक, विद्यार्थी कुनै पनि सिक्ने व्यक्ति वा सिकारु नै पाठ्यक्रमका उद्देश्यको स्रोत भएकाले उनीहरुका अध्ययन बिना पाठ्यक्रम निर्माण गर्न सकिँदैन । बालकका रुचि र आवश्यकताहरुको अध्ययन गर्न उनीहरुसँगै अन्तरवार्ता लिने, उनीहरुका आमाबुबासँग अन्तरवार्ता लिन वा ठूला विद्यार्थीहरु भएकामा प्रश्नावलीको प्रयोग गर्न वा सामान्य परीक्षा सञ्चालन गर्न पनि सकिन्छ । यसबाट बाल रुचिको अध्ययनबाट मात्र पाठ्यक्रम उपयुक्त उद्देश्य छनोटमा मद्दत पुग्दछ भन्ने कुरा स्पष्ट हुन आउँछ (वाग्ले र पौडेल, २०६० : २३-२४) ।

### २.३.३.२ समाज

पाठ्यक्रम समाजमा लागु हुन्छ र यस भित्र लक्षित समाजका संस्कृति र मूल्य मान्यता समेट्ने भएकाले समाजलाई पाठ्यक्रमका उद्देश्यको अर्को प्रभावकारी स्रोत मानिन्छ । पाठ्यक्रममा समाजका स्वरुप, संस्कृति, चाहना र आवश्यकताको सन्तुलित समन्वय हुनुपर्ने भएकाले समाज पाठ्यक्रम उद्देश्यको, महत्त्वपूर्ण स्रोत मानिएको हो । दार्शनिक सामाजिक र सैद्धान्तिक दृष्टिले समाज परिवर्तनशील र शिक्षा गतिशील मानिने भएकाले प्रभावकारी पाठ्यक्रम निर्माणमा समाज निरपेक्ष रहन सक्दैन । पाठ्यक्रम निर्माण र कार्यान्वयन पनि सामाजिक परिवेश मै हुने हुदाँ समकालीन समाज पाठ्यक्र उद्देश्यको अपेक्षित स्रोत मानिन्छ ।

जुन समाजमा बालक हुर्किएको हुन्छ त्यही समाजमा उसलाई योग्य बनाउनु नै शिक्षाको उद्देश्य हुन्छ । सबै समाजका लागि एउटै शिक्षा प्रणाली उपयुक्त हुन नसक्ने हुदाँ समाजको परिवेश, चालचलन, संस्कृति र व्यावहारिक ढाँचाहरु अनुसार घुलमिल हुन सक्ने व्यक्ति नै समाजको स्वीकृत सदस्य बन्दछ । यसरी हेर्दा पाठ्यक्रमले केवल विद्यालयभित्र अध्यापन गरिने विषय वस्तु र शैक्षिक प्रक्रियालाई ध्यानमा राखेर सैद्धान्तिक ज्ञानको मात्र कल्पना गर्न सकिँदैन । बरु बालक हुर्केको

समाज, समाजको आवश्यकता र त्यस समाजको विकासको लागि आवश्यक सिप र क्षमता जस्ता कुराहरुमा विचार पुऱ्याइ एउटा सक्षम नागरिक उत्पादन गर्न पाठ्यक्रमले जोड दिएको हुनुपर्दछ । त्यसैले समाजलाई पाठ्यक्रमका उद्देश्यका एउटा प्रमुख स्रोत मानिएको छ (वाग्ले र पौडेल, २०५५ : २५-२६) ।

### २.३.३.३ विषय विशेषज्ञ

पाठ्यक्रम निर्माणदेखि पाठ्य पुस्तकको गर्ने कामसम्म त्यसको सफल प्रयोगको लागि विभिन्न क्रियाकलापहरु आयोजना गर्ने कार्यमा समेत प्रत्यक्ष संलग्नता हुने व्यक्तिहरुलाई विषय विशेषज्ञ मानिन्छ । पाठ्यक्रम समितिमा बस्ने विषय विशेषज्ञहरुले आ-आफ्नो विशिष्टीकरणको आधारमा विषयको उपादेयतालाई ध्यानमा राखी विषय अनुसारको महत्त्व प्रदान गर्दै आएको पाइन्छ । पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरु के के हुन भन्ने कुरा पाठ्यक्रमका उद्देश्य निर्धारण गर्ने भएकाले पाठ्यक्रमका उद्देश्य निर्माणमा आ-आफ्नो विषय प्रतिनिधित्व गर्ने कार्य विषय विशेषज्ञको नै हो । सामाजिक परिप्रेक्षमा प्रत्येक व्यक्तिलाई के कस्तो ज्ञान सिप र धारणा प्रदान गर्नुपर्ने आवश्यक छ भन्ने कुराको टुङ्गो लगाउन गरिने अध्ययन अनुसन्धान पनि विषय विशेषज्ञहरुबाट हुने भएकाले पाठ्यक्रमका उद्देश्य निर्माणको स्रोतको रुपमा उनीहरुलाई लिन सकिन्छ । प्रत्येक विषयको समाविष्टगत स्वरुप निर्धारण गरी व्यक्ति र समाजमा एकीकृत रुपमा सामान्य शिक्षाको अवधारणालाई साकार रुपदिन विषय विशेषज्ञहरुको अपरिहार्य भूमिकालाई ध्यानमा राखी विषय विशेषज्ञहरु पाठ्यक्रमका उद्देश्य स्रोत भएका हुन् । यसका साथै ज्ञान, सिप र व्यवहार निपूर्ण योग्य र सामाजिक परिस्थितिमा समायोजना गर्न सक्ने नैतिकवान् व्यक्तित्त्व निर्माण गर्ने प्रभावकारी पाठ्यक्रम निर्माणका लागि विषयविज्ञको आवश्यकता पर्ने भएकाले पनि यसलाई पाठ्यक्रमका उद्देश्यको महत्त्वपूर्ण स्रोत मानिएको हो (वाग्ले र पौडेल, २०६० : २७-२८) ।

### २.३.३.४ दार्शनिक र समाजशास्त्रीय आधार

दर्शन र वास्तविक सत्य र सामाजिक चेतनाको विशिष्ट रुप हो । विश्व व्यापकता र चेतना दर्शनका आधार हुन् । मानिस, आत्मा, ब्रह्माण्ड, ईश्वर, वास्तविकता, सत्य

आदि विभिन्न विषयमा निकालिएका तथ्यपूर्ण आधारहरु दर्शन हुन् । आदर्श ज्ञानको मुख्य आधार सामान्यीकरण भएकाले सामान्यीकरण, विश्व व्यापकता र चेतनाका लागि पाठ्यक्रमले दार्शनिक पक्षको आधार लिएको हुन्छ । साश्वत सत्य व्यवस्थित विचार तार्किक चिन्तन, वैज्ञानिक चिन्तन र सत्यको विश्लेषण जस्ता पाठ्यक्रमका आधार निर्धारणमा दर्शनशास्त्रीय मान्यता प्रमुख हुने भएकाले दर्शनलाई पाठ्यक्रम उद्देश्यको महत्त्वपूर्ण स्रोत मानिन्छ ।

विश्वमा शिक्षाको बारेमा विकास भएका विभिन्न दर्शनहरु छन् ती दर्शनहरुले शिक्षाका बेग्लाबेग्लै उद्देश्यहरु निर्धारण गरेका छन् । त्यसैले जुन समाजले जनु दर्शन लिएर अगाडि बढेको छ । त्यो समाज पाठ्यक्रमका उद्देश्य त्यसै अनुसार छनोट भएका हुन्छन् । समाजमा मानिसले मान्ने रीतिरिवाज, संस्कृति परम्परा आदि दर्शनले निर्धारण गरेको मूल्य मान्यता र सामाजिक मान्यताका आधारमा समाज चलेको हुन्छ । दर्शनले निर्धारण गरेको मूल्य मान्यता र सामाजिक आवश्यकता पूरा गर्न गराउन पाठ्यक्रममा विभिन्न कार्यक्रमको योजना बनाइएको हुन्छ । यसर्थ पाठ्यक्रम निर्धारणका दर्शनशास्त्रीय र समाज शास्त्रीय आधारले महत्त्वपूर्ण स्थान ओगट्ने भएकाले यिनलाई पाठ्यक्रम उद्देश्यका महत्त्वपूर्ण स्रोत भनिन्छ (शर्मा, २०५८ : २५-२६) ।

### २.३.४ पाठ्यक्रम विकास सिद्धान्त

परिवर्तित सामाजिक आवश्यकता, जनचेतना र वैज्ञानिक प्रविधि हुने विकास सँगसँगै पाठ्यक्रममा पनि विकसित रुप आउनु स्वाभाविक हुन्छ । यसै अनुसार पाठ्यक्रमले परिवर्तित समाज, आवश्यक ज्ञान, नागरिकको बदलिँदो चाहना र सोचाइ, नयाँ नयाँ प्रविधि आदिको प्रतिनिधित्व गर्न नसक्ने हुदाँ पाठ्यक्रम निरन्तर परिवर्तन गरिरहनु पर्छ । पाठ्यक्रमको विकास गर्दा वैज्ञानिक पद्धति अपनाइएको हुन्छ । हिल्डा टावाद्वारा प्रस्तुत पाठ्यक्रम विकासको सिद्धान्त निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

#### २.३.४.१ आवश्यकताहरुको निदान तथा विश्लेषण

एउटा असल पाठ्यक्रमले सामाजिक आवश्यकताको निरुपण गर्न सक्नु पर्दछ । सामाजिक चाहना र भावना विपरीत पाठ्यक्रम विकास भएका राष्ट्रले शिक्षा क्षेत्रबाट आवश्यक शैक्षिक उर्जा प्राप्त गर्न सक्दैन । त्यसैले पाठ्यक्रम समयको मात्र चाह वा त्यस बेला मात्र सबल देखिन्छ जब जसको विकास क्रममा निर्माणकर्ताले विद्यार्थीको शारीरिक बौदि्धक र सामाजिक विकास, संवेगात्मक विकास, संस्कृतिको हस्तान्तरण, वैयक्तिक विकास आदिको यसमा पर्ने प्रभावलाई गहन रुपमा बुझेको हुनु पर्दछ । पाठ्यक्रम प्रत्यक्ष रुपमा सामाजिक तथा वैयक्तिक व्यवहार र पक्षसँग सम्बन्धित हुनाले यसबाट अलग राखेर पाठ्यक्रम देखिनु ठिक हुँदैन । पाठ्यक्रम विकास गर्दा सिकाइका प्रक्रिया ज्ञानका क्षेत्र, विधान, ऐन, कानुन, नियम, विनिमय आदिलाई पनि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

#### २.३.४.२ उद्देश्यहरुको निर्धारण

पाठ्यक्रममा नभई नहुने सबैभन्दा महत्त्वपूर्ण र पहिलो तत्त्व उद्देश्य हो । यसैका आधारमा पाठ्यक्रमका सम्पूर्ण क्रियाकलापहरु सञ्चालन गरिएका हुन्छन् । हरेक क्रियाकलाप वा कार्यक्रमका आ-आफ्नै उद्देश्यहरु हुन्छन् । तिनै उद्देश्यहरु पूरा गर्ने ध्येयले नै विभिन्न क्रियाकलापहरु सञ्चालन, गरिएका हुन्छन् । पाठ्यक्रम एउटा शैक्षिक कार्यक्रमको दस्तावेज भएकाले प्रत्येक कक्षा वा तहमा के कति उपलब्धि हासिल गर्ने हो भन्ने निर्णय गरेर मात्र त्यसका लागि विषय वस्तु शिक्षण विधि र शैक्षिक मूल्याङ्कनका प्रक्रियाहरु निर्धारण गरिन्छ । प्रत्येक कक्षाको पाठ्यक्रमले विद्यार्थीमा केही न केही परिवर्तन ल्याउने प्रयास गरेको हुनु पर्दछ । पाठ्यक्रम निर्माण गर्नुभन्दा पहिले पाठ्यक्रम कसका लागि के कामका लागि हो भन्ने कुरामा ध्यान राख्नु पर्दछ । समाजका आवश्यकताहरु विद्यार्थीका चाहना र रुचिहरुलाई विश्लेषण गरेर मात्र पाठ्यक्रमको उद्देश्य निराकरण गर्न सकिन्छ ।

#### २.३.४.३ विषय वस्तुको छनोट

विषय वस्तुलाई पाठ्यक्रमका उद्देश्यहरु विद्यार्थीमा हस्तान्तरित गरी उनीहरुको व्यवहारमा परिवर्तन ल्याउने एउटा प्रमुख माध्यमको रुपमा देखिन्छ । विषय वस्तुको

अवस्था नभए सम्म कुनै पनि विषयमा के कति पढाउने भन्ने कुराको निर्णय गर्न सकिदैन । त्यसैले पाठ्यक्रममा निर्धारित उद्देश्य पूरा गर्ने किसिमको विषय वस्तु तयार गरिनु पर्दछ । विषय वस्तुबाट प्राप्त हुने सिकाइ उपलब्धि र पाठ्यक्रम निर्धारण उद्देश्यमा सह सम्बन्ध कायम हुन सकेन भने राष्ट्रले चाहेको जनशक्ति उत्पादन कार्यमा बाधा उत्पन्न हुन पुग्दछ । तसर्थ विषय वस्तु छनोट गर्दा पाठ्यक्रम पूर्व निर्धारित उद्देश्य पूरा गर्ने गरि गरिनु पर्दछ र उद्देश्य बाहिरको विषय वस्तुको कुनै पनि अर्थ रहदैन । विषय वस्तु छनोट गर्दा विद्यार्थीले अध्ययन गर्ने तह र विषयलाई विचार गर्नु पर्दछ । यसै अनुसार शब्द चयन भाषागत कठिनाइ स्तर विषय वस्तुको क्षेत्र आदिलाई पनि बिर्सनु हुँदैन् ।

### २.३.४.४ विषय वस्तुको सङ्गठन

पाठ्यक्रममा ज्ञान, सिप र अभिवृद्धिसँग सम्बन्धित एकाईहरुलाई मनोवैज्ञानिक शैक्षिक क्रमबद्ध रुपमा राख्ने कार्यलाई विषय वस्तुको सङ्गठन भनिन्छ । यस सिद्धान्त अनुसार छनोट भएका विषय वस्तुलाई स्तर अनुरुप समन्वयात्मक रुपले सङ्गठन गरिएको हुन्छ । यसमा विद्यार्थीहरुले औपचारिक, आकस्मिक, नियमित, विद्यालयभित्र वा बाहिर जुनसुकै वातावरणमा सिक्न सक्ने कुराहरुलाई संगठित गरेको हुन्छ । शिक्षण प्रक्रियासँग विषय वस्तुको सङ्गठनको निकटतम सम्बन्ध रहन्छ । विषय वस्तुको सङ्गठनमा मूर्तबाट अमूर्त, ज्ञातबाट स्थूलबाट सूक्ष्म र सरलबाट जटिल तिर लैजाने अनुक्रमलाई महतत्व दिइन्छ ।

### २.३.४.५ सिकाइ अनुभवहरुको छनोट

सामान्य रुपमा उल्लेख गर्दा विद्यार्थीहरुले आफ्नै प्रयासद्वारा जे कुराहरुको अनुभव गर्दछन् तिनीहरुलाई नै सिकाइ अनुभव भन्दछन् । यसलाई सिकारु र सिकाइको वातावरणको अन्तरक्रिया पनि भनिन्छ । जहाँ सिकारुको दायित्व नै सिकाइ अनुभव हो । विषय वस्तु र सिकाइ अनुभवहरु आपसमा सम्बन्धित छन् र सँगसँगै आउने गर्दछन् । सिकाइ अनुभवहरुले सिकारुको सोच्ने क्षमताको विकास गर्न सूचनाहरु प्राप्त गर्न, रुचि वृद्धि गर्न सामाजिक धारणाको विकास गर्न मद्दत पुऱ्याउँछ ।

### २.३.४.६ सिकाइ अनुभवहरुको सङ्गठन

सिकाइ अनुभवहरुको सङ्गठन गर्दा मुख्यतया विषय वस्तुको सङ्गठन गर्दा अपनाइने आधारलाई नै आत्मसात गर्नु पर्दछ । खास गरी विषय वस्तुको सङ्गठन र सिकाइ अनुभवहरुको सङ्गठनमा भिन्नता देखाउन कठिन पर्दछ । सिकाइ अनुभवहरुको सङ्गठन गर्दा निरन्तरता क्रम र समन्वयको आधारमा गर्नु पर्दछ । शैक्षणिक अनुभवहरुलाई बढी उपयोगी एवम् सिर्जनशील बनाउनका लागि सिकाइ अनुभवहरुको आवश्यकता भएको हो । बालबालिकाका अनुभवहरुलाई सङ्गठित गर्न र सोही बमोजिम सिकाउनु भाषा पाठ्यक्रमको विशेष कार्य हो । सिकाइ अनुभवहरुलाई लम्बीय र समतलीय गरी २ भागमा सङ्गठित गर्न सकिन्छ ।

### २.३.४.७ मूल्याङ्कन

हिल्डा टावाले पाठ्यक्रम विकासका सिद्धान्तको अन्तिम चरणमा मूल्याङ्कनलाई राखेका छन् । यो अति महत्त्वपूर्ण चरण हो । किन कि मूल्याङ्कनको सिकाइ उपलब्धिसँग प्रत्यक्ष विकास सम्बन्ध हुन्छ । पाठ्यक्रम विकास गर्ने क्रममा निर्दिष्ट गरिएका उद्देश्य पूरा भए वा भएनन् मूल्याङ्कन गरी सकारात्मक परिणाम देखिएमा अझ सफलतान्मुख हुने प्रेरित गर्दछ भने नकरात्मक परिणाम देखिएमा पाठ्यक्रम विकासको कुन चरणमा के कमजोरी रह्यो सो को पुनरावलोकन गर्न सहयोग पुऱ्याउँछ । त्यसैले पाठ्यक्रम विकास गरेपछि यसको औचित्यता लेखाजोखा गर्ने हुनाले मूल्याङ्कनको पाठ्यक्रम विकासमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### २.३.५ पाठ्य पुस्तकको परिचय

पाठ्य पुस्तक भनेको शिक्षण सिकाइको योजनालाई कार्य रुप दिनका लागि तयार पारिएको विषय वस्तुको विस्तारित रुप हो । पाठ्यक्रमले तयार गरेका उद्देश्यहरु परिपूर्ति गर्ने अपेक्षा राखेर निश्चित तह कक्षा र विषयका निमित्त तयार गरिएको सामग्रीलाई पाठ्य पुस्तक भनिन्छ । त्यस्तै भाषा सिकाउन र विद्यार्थीहरुलाई भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा सक्षम बनाई ज्ञान र अभिवृत्तिको विकास गर्नका लागि तयार पारिएको सामग्रीलाई भाषा पाठ्य पुस्तकका रुपमा लिन सकिन्छ । यसै गरी भाषा पाठ्य पुस्तकमा विषयगत र विधागत विविधता हुनुका

साथै साहित्यिक र साहित्येत्तर सामग्रीको समेत संयोजन गरिएको हुन्छ । तसर्थ भाषा पाठ्य पुस्तक मुख्यतया भाषा पाठ्यक्रमका उद्देश्यहरु परिपूर्तिका लागि तयार पारिएको पाठ्य सामग्री हो (शर्मा र पौडेल, २०७२ : ३०८) ।

विद्यालय तथा विद्यापीठहरुमा विद्यार्थीहरुलाई औपचारिक तवरले पढाउने पुस्तक नै हो (बृहत् नेपाली शब्दकोश, २०५२ : ८१०) । भाषा पाठ्य पुस्तक भाषा शिक्षक तथा विद्यार्थीका लागि पनि नमुना लायक सामग्री हुनुपर्छ । यसमा प्रयोग भएको भाषा, विषय वस्तु र प्रस्तुतीकरण एवम् विद्या आदि सबै कुरा सम्बन्धित कक्षाको विद्यार्थीहरुको क्षमता तथा आवश्यकता अनुरुप हुनु आवश्यक हुन्छ । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यपूर्ति गर्नका लागि नमुना लायक पाठ्य सामग्रीका साथै अभ्यासहरु हुनु पाठ्य पुस्तकको महत्त्वपूर्ण पक्ष हो (अधिकारी, २०५० : १७६) । कुनै विषयका सिद्धान्तहरुमा शिक्षण प्रदान गर्ने खास गरी आंशिक वा पूर्ण पाठ्यांशका आधारित पुस्तक नै पाठ्य पुस्तक हो भन्ने अवधारणा पाइन्छ (वेब्स्टर्स वर्ल्ड डिक्सनरी, १९७२ : १४७२) । प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले पाठ्य पुस्तकलाई पाठ्य विषय वस्तु सङ्कलन गरिएको कक्षामा पढ्नु पर्ने पाठ्य सामग्रीका रुपमा अर्थ्याएको छ (अधिकारी र भट्टराई २०६१ : ६०७) । विद्यालय एवम् विद्यार्थीहरुका लागि वा विद्यार्थीहरुलाई औपचारिक तवरले पढाउने पुस्तकलाई पाठ्य पुस्तक भनिन्छ (पोखरेल र अन्य, २०४० : ८१०) । पाठ्य पुस्तक भनेको शिक्षण सामग्रीहरुको एउटा प्रकार हो, जसले शिक्षण सिकाइ प्रक्रियाका लागि साधनको काम गर्दछ । यो विद्यालय, महा विद्यालय, विश्व विद्यालय र घरमा पनि व्यापक रुपले प्रयोग हुने सर्वमान्य ढङ्गको शिक्षण सामग्री हो ।

माथिका विभिन्न परिभाषाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने पाठ्य पुस्तक पाठ्यक्रम अनुरुप तयार गरिएको शैक्षिक सामग्री हो । जसमा सिक्ने कुरा मात्र नभई सिकाइ प्रक्रिया पनि उल्लेख गरिएको हुन्छ । यो शिक्षण संस्थामा अध्ययन अध्यापन गर्ने त्यस्तो सामग्री हो जुन विद्यार्थीको उमेर, रुचि, क्षमता र स्तरको आधारमा निर्माण गरिएको हुन्छ । यो औपचारिक र अनौपचारिक दुबै किसिमका शिक्षाका लागि आवश्यक हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । साथै भाषा पाठ्य

पुस्तकले सम्बन्धित विषयका ज्ञान दिनुका साथै भाषिक सिपको विकास गराउने लक्ष्य समेत राखेको हुन्छ ।

**२.३.६ पाठ्य पुस्तकको आवश्यकता तथा महत्त्व**

हाम्रो जस्तो अविकसित मुलुकमा पाठ्य पुस्तकको अति नै आवश्यकता रहेको देखिन्छ किनभने यहाँ अरु विकसित देशहरुमा जस्तो रेडियो, टि.भी. फिल्म, प्रोजेक्टर आदि सामग्रीलाई शिक्षण कार्यकलापमा उपयोग गर्न असम्भव जस्तै भएको छ । यहाँ पाठ्य पुस्तक नै सर्वसुलभ र उपयोगी साधन रहेको देखिन्छ । अहिले पनि सरकारी तथा निजी विद्यालयहरुमा नेपाली भाषा शिक्षणको समस्या रहेको पाइन्छ । निजी विद्यालयहरुमा नेपाली भाषालाई भन्दा अङ्ग्रेजी भाषालाई प्राथमिक विषयका रुपमा लिइन्छ । नेपाली भाषा प्रति त्यति चासो राखिएको हुँदैन र त्यहाँ दक्ष नेपाली शिक्षकको आवश्यकतामा जोड दिइएको पाइँदैन । त्यसैगरी सामुदायिक विद्यालयहरु पनि शैक्षिक भन्दा राजनीतिक स्थल बनेको देखिन्छन् । त्यहाँ शिक्षण सिकाइ भन्दा राजनीतिक गतिविधि त सामान्य पठन पाठनको कल्पना समेत गर्न सकिँदैन । त्यसैले हाम्रो जस्तो मुलुकमा पाठ्य पुस्तकको अति नै आवश्यक रहेको छ ।

**२.३.७ पाठ्यक्रम र पाठ्य पुस्तकको सम्बन्ध**

पाठ्यक्रम र शिक्षण प्रक्रियाको मुटु हो पाठ्यक्रम कै आधारमा पाठ्य पुस्तक निर्माण गरी उपयोगमा ल्याइन्छ । शिक्षण प्रक्रियालाई निर्दिष्ट गोरेटोसम्म पुऱ्याउन नै पाठ्यक्रमले मार्ग दर्शन गर्दछ भने पाठ्यक्रम कै उद्देश्य अनुरुप शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्न क्रमबद्ध रुपमा प्रस्तुत हुने सामग्रीको रुपमा पाठ्य पुस्तकले भूमिका खेल्दछ । पाठ्यक्रमद्वारा निर्देश गरिएका कुराहरु प्रष्ट्याउने काम पाठ्य पुस्तकद्वारा हुने गर्दछ ।

पाठ्यक्रम र पाठ्य पुस्तकको प्रकृति विषयको प्रकृति अनुरुप फरक फरक हुने गर्दछ । यस अनुसार भाषा पाठ्यक्रम र पाठ्य पुस्तकको प्रकृति अन्य विषयका पाठ्यक्रम र पाठ्य पुस्तकको भन्दा फरक हुन्छ । पाठ्यक्रमले तय गरेका उद्देश्य तथा निर्देशले भाषिक विषय वस्तुहरुको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण

सिकाइका निमित्त उपयुक्त हुने र सामग्रीहरुको विस्तृत सङ्कलन र सङ्गठन भाषा पाठ्य पुस्तकमा गरिएको हुन्छ । यसर्थ पाठ्यक्रमको निर्देशन बिना पाठ्य पुस्तकले काम गर्न सक्दैन । त्यसैले पाठ्यक्रमको विस्तृत रुप पाठ्य पुस्तक हो भने पाठ्य पुस्तकको मार्ग दर्शन पाठ्यक्रम हो । पाठ्यक्रममा के पढाउने, कसरी सिकाउने र कुन क्रममा सिकाउने जस्ता कुराहरु समावेश गरिएका हुन्छन् । उक्त सिप विकासका लागि आवश्यक विषय वस्तु र विधाहरु पाठ्य पुस्तकमा समावेश गरिएका हुन्छन् ।

पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य तहगत उद्देश्य, विषय वस्तुको छनौट, शिक्षण व्यवस्थापन, विषय वस्तुको क्रम अङ्क विभाजन आदि कुराहरु निर्देशित हुन्छन् र त्यसै अनुसार पाठ्य पुस्तक तयार गरिन्छ । समग्रमा भन्नु पर्दा पाठ्यक्रमले सुत्रात्मक तर विस्तृत रुपमा निर्देश गरेका कुराहरुको आधारमा पाठ्य पुस्तक निर्माण निर्दिष्ट गरेका उद्देश्य अनुरुप विषय वस्तु विधा, सिप, शिक्षण विधि, क्षेत्र र क्रमको सङ्गठन गरी पाठ्य पुस्तक निर्माण गरी उपयोगमा ल्याइने हुनाले यी दुई बिच नङ र मासुको जत्तिकै सम्बन्ध छ भन्न सकिन्छ ।

# अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

अनुसन्धानलाई व्यवस्थित, विश्वसनीय र वैध तुल्याउनका लागि निश्चित विधि र प्रक्रियाको खाँचो पर्दछ । यस शोध कार्यमा गुणात्मक र द्वितीय दुवै स्रोत प्रयोग गरिएको छ । अध्ययनलाई व्यवस्थित र उद्देश्यमुखी बनाउनका लागि अध्ययन क्षेत्र छनोट, नमुना छनोट, उचित तथ्याङ्क सङ्कलनको साधन र प्रक्रियाबाट प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरिएको छ ।

## ३.१ शोध विधि

अनुसन्धान आफैँमा गहन र जटिल विषय हो । अनुसन्धान कार्य पूरा गर्ना लागि कठोर परिश्रम तथा धैर्यताको आवश्यकता पर्दछ । तसर्थ यस कार्यलाई औपचारिक एवम् व्यवस्थित रुपले अगाडि बढाउन अध्ययन विधि र प्रक्रियाको खाँचो पर्दछ । अनुसन्धान कसरी सम्पन्न गरिएको छ भन्ने स्पष्ट पार्न अनुसन्धान विधि सबै भन्दा महत्त्वपूर्ण मानिन्छ । अनुसन्धेय विषयको प्रकृति र स्वरुप हेरी त्यसका लागि उपयुक्त विधि तथा प्रक्रिया अपनाइन्छ । अनुसन्धानलाई प्रमाणिक र विश्वसनीय बनाउन शोध विधिको महत्त्वपूर्ण स्थान रहन्छ । तसर्थ यस अनुसन्धानमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन ढाँचा

यस अध्ययन पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली विषय पाठ्य पुस्तकको अध्ययन भएकोले त्यस पाठ्य पुस्तकमा प्रयुक्त विधागत क्षेत्र, क्रम, छनोट तथा स्तरणहरुको सिपपरक अध्ययन हुँदा व्याख्या विश्लेषण वर्णनात्मक रुपमा गरिएको छ । यस अध्ययन ढाँचामा पाठ्यक्रम अनुरुपताका आधारमा अध्ययन अनुसन्धान गरिने भएको मुलत यो अध्ययन पुस्तकालय विधि व्याख्या र विश्लेषण रहेको छ । यस अध्ययनमा पाठ्यक्रम अनुरुपताको आधारमा विधागत विविधताको क्षेत्र, क्रमको तालिकामा देखाइएको छ । यस अध्ययन ढाँचामा पाठ्य पुस्तकको पाठ्यक्रम अनुसार सिपपरक अध्ययन गरी गुणात्मक ढाँचा रहेको छ ।

## ३.३ नमुना छनोट र छनोट प्रक्रिया

पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा एघार ऐच्छिक नेपाली पाठ्य पुस्तकको अध्ययमा सम्बन्धित पाठ्यक्रम र पाठ्य पुस्तकका विधागत विविधताको क्षेत्र र क्रमलाई नमुना छनोटको रुपमा अध्ययन प्रक्रियाका रुपमा रहेको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययन पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकहरुको अध्ययन विश्लेषणसँग सम्बन्धित भएको हुँदा प्रयुक्त पाठ्य पुस्तकमा समाविष्ट विधा उपविधा र सिपगत विविधतालाई अलग अलग वर्णन गरी यसका कमी कमजोरीलाई निकारण गर्ने उपाय प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनमा निम्न स्रोतहरुको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययन पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघार ऐच्छिक नेपाली पाठ्य पुस्तकमा समावेश विधागत विविधता क्षेत्र, क्रम तथा स्तरण हरुको विश्लेषण सँग सम्बन्धित भएको हुँदा कक्षा एघारको ऐच्छिक नेपाली विषय पाठ्य पुस्तक नै प्राथमिक स्रोतका रुपमा रहेको छ ।

### ३.४.२ द्वितीय स्रोत

सम्बन्धित विषयका प्रकाशित पुस्तकहरु, पाठ्यक्रम, पाठ्य पुस्तक, यस अघि गरिएका अध्ययनका प्रतिवेदन, शोधपत्र, शोध प्रबन्ध, शब्दकोश, ग्रन्थ, पत्रपत्रिकाहरु आदिलाई यस शोधमा तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतको रुपमा उपयोग गरिएको छ । त्यसैगरी सम्बन्धित विषयका शिक्षक तथा विज्ञहरुका सुझावलाई पनि यस शोधपत्रका द्वितीय स्रोतका रुपमा समेटिएको छ ।

## ३.५ अध्ययन क्षेत्र

प्रस्तुत शोध अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक अध्ययन भएकोले पाठ्य पुस्तकलाई नै अध्ययन क्षेत्र बनाइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलनको साधन

प्रस्तुत अध्ययनका लागि नेपाल सरकार, उच्च माध्यमिक परिषद्, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र तयार पारिएको वर्तमान कक्षा एघार ऐच्छिक नेपाली गद्ध, भाषा र साहित्य परिचय पाठ्य पुस्तक यसको पाठ्यक्रम अनुरुपताको आधारमा विधागत विविधता क्षेत्र, क्रम, छनोट र स्तरणको उपयोग गरी भाषिक सिपपरक अध्ययन विश्लेषण गरी विधागत र सिपगत वितरणको विश्लेषण गरिएको छ ।

## ३.७ तथ्याङ्क वा सूचना सङ्कलनका प्रक्रिया

प्रस्तुत अध्ययनका लागि पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकको अध्ययन भएकोले त्यसबाट तथ्याङ्क सङ्कलन गरी तिनलाई सङ्गठन र तालिकीकरण गरिएको छ । विधागत वितरण र सिपगत वितरणको आधारमा पाठ्य पुस्तकको विश्लेषण गर्दै अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्ष बमोजिम सुधारका लागि सुझाव समेत प्रस्तुत गरिएको छ ।

## ३.८ व्याख्या तथा विश्लेषण प्रक्रिया

पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकको अध्ययनबाट प्राप्त तथ्यहरुलाई विधागत सिपगत वितरणका आधारमा एकीकृत गरिसकेपछि प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार सङ्ख्यात्मक एवम् विवरणात्मक शैलीबाट विश्लेषण गरिएको छ ।

# अध्याय : चार

## व्याख्या र विश्लेषण

पाठ्यक्रम भनेको कुनै पनि विषय शिक्षण सिकारको योजनाबद्ध कार्यक्रम हो । हरेक विषयको आ-आफ्नो प्रकृति र सिकाइ प्रवृत्ति अनुसार पाठ्यक्रमका स्वरुप पनि निर्धारण गरिएको हुन्छ । अन्य विषयका पाठ्यक्रम भन्दा पाठ्यक्रम भिन्न किसिमको हुनु स्वाभाविक हो । कुनै पनि कक्षा वा तहका लागि भाविक आवश्यकताहरुको उपयुक्त किसिमका उद्देश्य, विषय वस्तु गरी तिनै आवश्यकताहरु परिपूर्ति गर्ने ध्येयले उपयुक्त किसिमको उद्देश्य, विषय वस्तु, शिक्षण प्रक्रिया अङ्कभार र समयभार आदिको व्यवस्थित तर्जुमा गरेर निर्माण गरिएको भाषा शिक्षण सिकाइको केन्द्रीय कार्यक्रम वा निर्देशन नै पाठ्यक्रम हो ।

पाठ्यक्रम एक्लैले शिक्षण सिकाइका अपेक्षाहरु पूरा गर्न सक्दैन । शिक्षक, विद्यार्थी, शिक्षण गर्ने उपयुक्त स्थान, भवन फर्निचर तथा विभिन्न पाठ्य सामग्रीहरुको संयुक्त प्रयासबाट पाठ्यक्रमका मर्म र अपेक्षालाई पूरा गर्न सकिन्छ । पाठ्यक्रमले सूचित गरेका शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया तथा व्यवस्थित गरिएका अन्य विधि कुराहरुको सीमाभित्र बाँधिएर उपयुक्त एवम् स्तरयुक्त सामग्रीहरुलाई सङ्गठित र व्यवस्थित हुने गरी निर्धारण क्रमाङ्क व्याख्यान तथा अध्यायहरु प्रस्तुत गर्ने सबभन्दा भरपर्दो र आधिकारिक सामग्रीलाई पाठ्यक्रम भनिन्छ ।

विद्यार्थीहरुलाई पाठ्यक्रमको उद्देश्य अनुरुप योजनाबद्ध ढङ्गले शिक्षण गर्न र अभ्यास गराउन मद्दत पुऱ्याउने शिक्षण सिकाइको अपरिहार्य आधार सामग्रीको रुपमा पाठ्य पुस्तकलाई लिन सकिन्छ । यस दृष्टिले कतिपय सन्दर्भमा पाठ्य पुस्तकलाई पाठ्यक्रमकै पुरक विकल्पका रुपमा लिन सकिन्छ । पाठ्यक्रम अनुरुप पाठ्य पुस्तक निर्माण गरिएको हुन्छ । त्यसैले पाठ्यक्रम र पाठ्य पुस्तकबिच निकटतम सम्बन्ध रहेको हुन्छ । नेपाली जातिको साझा भाषा पनि यही हो । यो भाषा नेपालमा मात्र होइन, नेपाल बाहिर पनि नेपाली भएका ठाउँमा बोलिन्छ ।

त्यसैले नेपाली भाषा सानै अवस्थादेखिको कक्षामा नै शिक्षण गरिएका भाषामा सिप र दक्षता प्राप्त हुन्छ ।

## ४.१ पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा एघारको ऐच्छिक नेपाली वर्तमान पाठ्य पुस्तकको अध्ययन

पाठ्यक्रमले तोके अनुसार नै पाठ्य पुस्तकमा विद्यार्थीको स्तर, रुचि, पृष्ठभूमि तथा मनोविज्ञानलाई विचार गरेर नै पाठ्य पुस्तक निर्माण गरिएको पाइन्छ । वर्तमान परिमार्जित पाठ्यक्रम ऐच्छिक नेपाली गद्ध, भाषा र साहित्य परिचय विषयको लागि १०० पूर्णाङ्क तोकेको छ । यस पाठ्यक्रमले शिक्षण सामग्री र शिक्षण कार्यकलापको निर्देशन दिइएको हुन्छ । त्यही अनुरुप पाठ्य पुस्तक पनि ती सामग्री उपयोगको व्यवहारिक प्रस्तुति तथा विषय वस्तुलाई प्रभावकारी रुपमा शिक्षण सिकाइमा सहयोगी बनाएर प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रमले शिक्षण सिकाइको क्रममा अथवा शिक्षणको अन्त्यमा गरिने रचनात्मक एवम् समसामयिक मूल्याङ्कन प्रक्रियाको निर्देशन दिएको हुन्छ । पाठ्य पुस्तकले मूल्याङ्कन प्रक्रियागत निर्देशनहरुलाई व्यावहारिक रुपमा प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रमले विषय वस्तुको महत्त्व अनुरुप समयभार र मूल्य अङ्कभारको निर्देशन अनुरुप विषय वस्तुको व्यावहारिक प्रस्तुति र सीमा अवलम्बन गरेको छ । पाठ्यक्रममा विषय वस्तुको क्षेत्र अन्तर्गत सामाजिक, नैतिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक, पारिवारिक, मनोरञ्जनात्मक तथा वातावरणीय आदि क्षेत्रलाई अवलम्बन गरी पाठ्य पुस्तकको निर्माण भएको छ ।

पाठ्यक्रमले तोके अनुरुप नै विधाका क्षेत्रहरुमा पनि कथा, उपन्यास, निबन्ध, नेपाली भाषा, साहित्य, परिचय आदिलाई अवलम्बन गरी पाठ्य पुस्तक निर्माण भएको पाइन्छ । यस पाठ्यक्रम अनुरुप निर्माण भएका पाठ्य पुस्तक बालबालिकाहरुलाई व्यावहारिक तथा कार्यमूलक भाषा सिकाउने प्रयास पाठ्य पुस्तकमा भएको पाइन्छ । यस तहको उद्देश्य नै बालबालिकामा भाषिक सिपको विकास गर्नुको साथ साथै बौद्धिध र नैतिक पक्षको विकास गर्नु भएकाले त्यो उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा विविध क्रियाकलापहरु जस्तो कुराकानी, छलफल, अभिनय, प्रश्नोत्तर

आदि खेलका माध्यमद्वारा पनि भाषिक सिप आर्जन गराउन सकिन्छ । पाठ्यक्रमले तय गरेका उद्देश्य तथा निर्देशन गरेको भाषिक विषय वस्तुहरुको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण सिकाइका निम्ति उपयुक्त हुने गरी भाषिक सामग्रीहरुको विस्तृत सङ्कलन र सङ्गठन पाठ्य पुस्तकमा गरिएको छ । त्यही शिक्षण क्रममा जुन विषय वस्तु तोकिएको छ । तिनै विषय वस्तुमा जुन कार्यकलापहरुको निर्देशन गरेको छ । त्यसै कार्यकलापहरुको निर्देशन गरेको छ । त्यसै कार्यकलापमा पाठ्य पुस्तक लेखिएको पाइन्छ । त्यसैगरी पाठ्यक्रमले जति क्षेत्र तोकेको छ । त्यति नै क्षेत्रमा जुन जुन मूल्याङ्कन प्रक्रिया निर्देश गरेको पाइएको छ । यसका साथै विद्यार्थीको भाषा सिकाइ प्रवृत्ति रुचि, स्तर, क्षमता, आवश्यकता, भाषिक अनुभव तथा पृष्ठभूमि जस्ता कुराहरुलाई आत्मसात गरेर पाठ्यक्रमका अपेक्षा अनुरुप उपलब्धि हासिल गराउन भरपर्दो सहयोग मिल्ने किसिमले पाठ्य पुस्तकको निर्माण भएको पाइन्छ ।

कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकमा पाठ्यक्रम अनुसार पाठ्य विषयहरु समावेश गरिएको छ । वर्तमान पाठ्य पुस्तकमा पाठ्यक्रम अनुसार शैक्षिक सामग्रीहरु तथा शिक्षण विधिहरु उल्लेख गरिएको छैन । साथै विद्यार्थीको मनोविज्ञान अनुसार शिक्षण गर्ने र मूल्याङ्कन गर्ने साधनहरु उल्लेख गरिएको छैन । विद्यार्थीहरुको क्षमता तथा मनोभावना अनुसार शिक्षण गर्ने विधिहरु आवश्यकता अनुसार उल्लेख गरिएको छैन । यस पाठ्य पुस्तकमा भाषिक सिपमा सुनाइ र बोलाइ, कम पढाइ र लेखाइमा जोड दिइएको छ । यस पाठ्य पुस्तकमा जुन अहिलेको शिक्षा क्षेत्रमा नयाँ नयाँ प्रविधि र अवधारणाहरुको विकास भइ सकेको स्थितिमा विद्यार्थी, अभिभावक, शिक्षक तथा सिङ्गो समाजको चाहना र आजको आवश्यकतालाई ध्यान दिनुपर्ने हो तर विगत कुनै विषयमा भएका अध्ययन अनुसन्धानका आधारमा यस पाठ्य पुस्तक भाषाको शिक्षण गर्ने प्रक्रियामा पाठ्यक्रम अनुसार नभएकोले केही कमी कमजोरीहरु रहेको छ । यस पुस्तकमा जससम्म पाठ्यक्रम विद्यालय स्तरसम्म पुऱ्याई विद्यार्थीहरुलाई सोही अनुसार पठन पाठन गर्न सकिदैन तबसम्म अपेक्षित उपलब्धि पुरा गर्न गराउन गाह्रो हुन्छ । त्यसैकारण वर्तमान परिस्थितिमा देशलाई आवश्यक मध्यम स्तरको जनशक्ति

उत्पादन गर्नु र उच्च तहको ज्ञान सिपको विशिष्टीकरण तर्फ जान अध्ययनका लागि आवश्यक पूर्वाधार र गुणस्तरका विद्यार्थी तयार गर्ने खालका मूल्याङ्कन प्रक्रिया तथा शिक्षण विधिहरु यस पाठ्य पुस्तकमा उल्लेख गर्नुपर्ने हुन्छ । साथै सैद्धान्तिक भन्दा व्यवहारिक सिपलाई प्राथमिकता दिनुपर्ने हुन्छ । निष्कर्षमा पाठ्यक्रम र पाठ्य पुस्तकको घनिष्ट सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रमकै मूल मर्मलाई पहिल्याएर पाठ्य पुस्तकलाई प्रभावकारी, उपयोगी तथा सान्दर्भिक बनाउने प्रयास भएको छ ।

## ४.२ पाठ्य पुस्तकमा समावेश विधा, क्षेत्र, क्रम र स्तरणको अध्ययन

विधाको क्षेत्रको आधारमा पाठ्य पुस्तकको अध्ययन गर्दा कक्षा एघार ऐच्छिक नेपाली पाठ्यक्रममा समावेश गरिएका विधाको क्षेत्र वा विषय वस्तुलाई प्रस्तुत गरिएको छ । भाषा शून्यमा सिकिँदैन । यसका लागि खास भाषिक ढाँचा विधामा प्रस्तुत विषय वस्तु आवश्यक हुन्छ । विभिन्न विधाका रुपमा प्रस्तुत भएका विषय वस्तुलाई आधार सामग्री बनाई वा विभिन्न विषय वस्तुलाई उपयोग गरी प्रस्तुत भएका विधाहरुलाई सिपको रुपमा उपयोग गरी अध्ययन गरिन्छ । कक्षा एघारको पाठ्यक्रममा विधा, क्षेत्र, क्रम र स्तरणको आधारमा भाषिक सिप विषय वस्तुको क्षेत्र, क्रमको दायराभित्र रही शिक्षण सिकाइका निम्ति उपयुक्त हुने किसिमले भाषिक सामग्रीहरुको विस्तृत सङ्कलन र सङ्गठन भाषा पाठ्य पुस्तकमा गरिएको छ । यस पाठ्यक्रममा समावेश गरिएका विधागत विविधता क्षेत्र र क्रम स्तरणले विद्यार्थीहरुको वैयक्तिक विभिन्नताका आधारमा भाषिक सिप विकास भाषिक तथा संरचनात्मक विशेषताको ज्ञान, विद्यार्थीमा मौलिक तथा सिर्जनशीलता विकास गराउन भाषिक सिप विकासमा आवश्यक पृष्ठभूमि दिन सक्छ । त्यसका लागि भाषा पाठ्य पुस्तकमा समावेश गरिएका विधाहरु उपयोगी हुन सक्छन् ।

पाठ्यक्रमले विद्यार्थीहरुको आवश्यकता मर्म बोध गरी पाठ्यक्रममा विषय वस्तु समावेश गरिएको छ । यस पाठ्य पुस्तकमा विधा अनुरुप भाषिक स्तरण र क्रम निर्धारण गरिएको छ । विधा क्षेत्र, क्रम र स्तरण र छनोटका आधारमा कक्षा

एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकमा विधा र क्षेत्रहरुलाई यसरी तालिकामा देखाइएको छ (अधिकार, २०७२ : ६१) ।

**वर्तमान विधागत क्षेत्र र क्रम**

| क्र. सं. | कथा | उपन्यास | निबन्ध | नेपाली भाषा | साहित्य परिचय |
|---|---|---|---|---|---|
| १ | गुरुप्रसाद मैनाली र नासो | रुद्रराज पाण्डे र रुपमती | लक्ष्मी प्रसाद देवकोटा र पहाडी जीवन | नेपाली भाषाको इतिहास | साहित्यको विधागत वर्गीकरण |
| २ | विश्वेश्वर प्रसाद कोइराला र दोषी चस्मा | लैनसिंह बाङ्देल र माइतघर | हृदय चन्द्रसिंह र जुँगा | नेपाली भाषाको स्वरुप | शब्द शक्तिः अभिधा लक्षण र व्यञ्जना |
| ३ | रुप नारायण सिंह र बितेका कुरा | | केशवराज पिँडाली र खै खै | नेपाली भाषाका भाषिकाहरु | रसको परिचय, प्रकार र उदाहरण |
| ४ | पुष्कर शमशेर र लोग्ने | | रामकृष्ण शर्मा सगरमाथामा तेन्जिङ | नेपाली कथ्य र लेख्य भाषा | अलङ्कारको परिचय प्रकार र उदाहरण |
| ५ | गोविन्द बहादुर मल्ल गोठाले र लक्ष्मी पुजा | | शङ्कर लामिछाने औपन्यासिक पात्रः जीवनको पृष्ठभूमिमा | नेपालका प्रमुख भाषाहरु | छन्दको परिचय, प्रकार र उदाहरण |
| ६ | रमेश विकाल र लाहुरी भैँसी | | अच्छा राई रसिक र भुँडी | | |
| ७ | इन्द्र बहादुर राई र जयमाया आफू मात्र लिखापानी आइपुगी | | श्याम प्रसाद शर्मा र एक घण्टा बिताउने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | माया ठकुरी मृग तृष्णा | | ताना शर्मा र राष्ट्रियताको ज्योतिः हुलाक घर | | |
| ९ | परशु प्रधान र छिँडी भरिको आकाश | | | | |
| १० | | | भैरव अर्याल र अमरावती कान्तिपुरी नगरी | | |

समग्रमा विभिन्न विधाका पाठहरु समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बिच सन्तुलन, भाषाको समसामयिक प्रायेग स्तर, रुचि आदिलाई ध्यान दिइएको छ ।

### ४.२.१ पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तक अध्ययन विश्लेषण

पाठ्य पुस्तकको अध्ययन विश्लेषण गर्दा निश्चित आधारमा गर्नुपर्ने हुन्छ । यसका लागि विभिन्न आधार लिन सकिन्छ । जस्तै अध्ययन विश्लेषण गर्दा प्रयोगका दृष्टिले, प्रयोजन र पठन पाठनका ढङ्ग ढाँचाका दृष्टिले पाठ्य वस्तु क्षेत्र क्रम र छनोट तथा स्तरणका दृष्टिले, पाठ्यक्रम उद्देश्य अनुरुपताको आधारमा पाठ्य पुस्तक विश्लेषण गर्दा आन्तरिक तथा बाह्य दुवै गुण वा विशेषतालाई आधार मान्नुपर्ने हुन्छ । तसर्थ पाठ्य पुस्तक अध्ययन विश्लेषण गर्दा निम्नानुसार आधार लिन सकिन्छ (अधिकारी, २०७२ : ६२) ।

**क) भौतिक, बाह्य आधार वा परिधीय आधार**

**१. आवरण पृष्ठ र आकार बनोट**

पाठ्य पुस्तकको बाहिरी आवरण पृष्ठ आकर्षक पढौँ पढौँ हेरौँ हेरौँ लाग्ने हुनुपर्छ । कक्षा एघार ऐच्छिक नेपाली पाठ्य पुस्तकको विद्यार्थीको आवश्यकता इच्छा र चाहाना अनुरुप सकभर चिल्लो र बाक्लो हुनु पर्दछ । पाठ्य पुस्तकमा समावेश गरिएका बाहिरी आवरण पातलो भएका पुस्तक छिटै च्यातिने सम्भावना बढी हुन्छ ।

त्यसैले पाठ्य पुस्तक बलियो सान्दर्भिक हुनु पर्दछ । आवरण पृष्ठ बाहेर समग्र पुस्तकको बनोट, आकार पनि उपयुक्त हुनुपर्ने विद्यार्थीको उमेर स्तर अनुकुल हुनुपर्ने जस्तो विद्यार्थीको तह अनुसार उच्च माध्यमिक कक्षामा मध्यम साइजका पुस्तक उपयुक्त हुन्छ ।

२) **अक्षराका ठाउँ छोडाइ**

कक्षा एघार ऐच्छिक नेपाली पाठ्य पुस्तक विशेषता अनुरुप नै रहेको छ । यस पाठ्य पुस्तक विद्यार्थी उमेर र स्तर अनुकुल हुनुपर्ने छ । यस पाठ्य पुस्तकको अक्षरहरु १२ प्वाइन्टको हुनु आवश्यक देखिन्छ । पाठ्य पुस्तकमा शीर्षक उपर्शीषक रखाइ स्वभाविक र आकर्षित हुनुपर्छ यस पाठ्य पुस्तकमा हुने पद्धति विचको अन्तर सामान्यतया उच्च माध्यमिक तहमा हुनपर्ने सोही अनुरुप देखिन्छ ।

३) **छपाइ प्रविधि र बधाइ**

भाषा पाठ्य पुस्तकमा छपाइका महत्त्व निकै ठुलो छ । छपाइमा प्रयोग हुने मसी, शीर्षक, पाठ तथा विषय वस्तुमा प्रयोग हुने अक्षरका पर्याप्त किनारा छोडेर पाठको छपाई गर्नु उपयुक्त हुन्छ । कक्षामा दुवै तिर बढी किनारा छोड्न् उपयुक्त हुन्छ भने ठुला कक्षाहरुमा त्यो त्यति आवश्यक देखिन्न । छपाइको स्तर उच्चस्तरको र बधाइ पनि बलियो तथा पाना पल्टाउन सहज हुने खालको हुनुपर्छ । तर कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकमा बधाइ बलियो छैन । पिन ठोकेको ठाउँमा गमको मात्र प्रयोग भएकोले कमजोर देखिन्छ ।

४) **कागजको गुणस्तर**

पाठ्य पुस्तक छपाइ गर्ने कागज उच्च गुणस्तरको हुनुपर्छ । न्युनतम ७० ग्राम भन्दा माथिको कागज प्रयोग हुनुपर्छ र पाठ्य पुस्तकमा पानी पर्दा चाँडै बिग्रने, च्यातिने र कमजोर खालको कागज प्रयोग हुनु हुँदैन । आवरण पृष्ठको कागज विशेष बलियो हुनुपर्छ । विद्यार्थीको आवश्यकतालाई ध्यानमा राखेर पाठ्य पुस्तक कागजको गुणस्तर हुने खालको हुनु पर्दछ । यस पाठ्य पुस्तक मध्यम स्तरको देखिन्छ ।

### ५) मूल्य

कक्षा एघारको 'ऐच्छिक नेपाली गद्ध, भाषा र साहित्य' पाठ्य पुस्तक सुलभ मूल्यमा उपलब्ध हुनुपर्छ । तसर्थ मूल्य निर्धारण गर्दा विद्यार्थीहरुको क्षमता क्रयशक्ति आदिलाई ख्याल गर्नुपर्ने हुन्छ । पाठ्य पुस्तक लागतलाई दृष्टिगत गर्दै समुचित मूल्य निर्धारण हुनुपर्छ ।

### ६) सुलभता

पाठ्य पुस्तक खोजेको समयमा सहज रुपमा प्राप्त हुनुपर्छ । सुगम तथा दुर्गम सबै ठाउँमा सहज प्राप्त गर्न सकिने हुनुपर्छ । यस पुस्तक सबै भौगोलिक क्षेत्रमा शैक्षिक सत्रको प्रारम्भमा नै उपलब्ध हुनु पर्दछ । यसबाट सबै विद्यार्थीलाई पठन पाठनमा सुविधा पुग्दछ । तर नेपालमा सबै ठाउँमा पर्याप्त रुपमा सुलभता भएको छैन ।

## ख) प्राज्ञिक वा आन्तरिक आधार

### १) पाठ वा पाठ्य वस्तु

पाठ्यक्रमको उद्देश्य तथा विषय वस्तुको वास्तविक प्रतिनिधित्व भएको हुनुपर्छ । विद्यार्थीको रुचि, उमेर र आवश्यकता अनुरुपको विषय वस्तुको संयोजन तथा प्रस्तुतीकरण हुनुपर्छ । पाठ्यक्रम तोकेको विषय वस्तुको क्षेत्र र क्रम अनुरुप विषय वस्तु श्रृङ्खलाबद्ध र पूर्ण हुनुपर्छ । पाठ्य वस्तु सूचनामूलक सहयोगी नैतिक मूल्य तथा विचारलाई प्रोत्साहन गर्ने खालको हुनुपर्छ । विषय वस्तुको प्रकृति र स्वरुप अनुसार राष्ट्रभाव, प्रेम जगाउने, श्रमप्रति आस्था जगाउने अन्धविश्वास र कुरीति हटाउने खालका विषय वस्तु हुनुपर्छ । भाषा पाठ्य पुस्तकमा भाषिक सिप शिक्षण गर्न आवश्यक विषय वस्तु हुनुपर्छ । पाठ्य पुस्तकको संरचनाले भाषिक संरचना, शैलीगत, स्तरगत स्तरणको विशेषतालाई समेटेको हुनुपर्छ ।

### २) विधाका क्षेत्र क्रम

पाठ्य पुस्तकमा उपयुक्त विधाहरुको छनोट महत्त्वपूर्ण हुन्छ । पाठ्य वस्तु प्रस्तुत गर्ने आधार भनेकै विधाहरु भएकाले सबै खालको विषय वस्तु र विधाको प्रतिनिधित्व र सन्तुलन प्रदान गरेको हुनुपर्छ । पाठ्य वस्तु विधाहरुको छनोट गर्दा तहगत

कक्षागत दृष्टिले विद्यार्थी अनुकूल हुनुपर्ने पाठ्यक्रमको अपेक्षा परिपूर्ति गर्ने हुनुपर्ने र सरल जटिलताको कममा प्रस्तुत गरेको हुनुपर्छ । यस उच्च माध्यमिक तह कक्षा एघारको ऐच्छिक नेपाली विषयमा विधाहरुको क्षेत्र र क्रमको आधारमा रहेको छ ।

**३) पाठ्य वस्तुको प्रस्तुतीकरण तथा स्तरण**

पाठ्य पुस्तकमा छनोट गरिएका विधागत पाठहरुलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले राखिएको हुनुपर्छ । विद्यार्थीको तह, स्तर, उमेर, रुचि, आवश्यकता र सिकाइ स्तर एवम् प्रवृत्तिलाई ध्यान दिँदै विषय वस्तुलाई सरलबाट जटिलताको क्रममा स्तरण तथा प्रस्तुतीकरण गर्नुपर्छ । पाठ्य वस्तुको प्रस्तुतीकरण गर्दा स्तरण र छनोट समेतलाई ध्यान दिइनुपर्छ । विद्यार्थीको क्षमता प्रस्फुटन गर्न सघाउने र सिर्जनशील, कल्पनाशील बनाउन उत्प्रेरित गर्ने विषय वस्तुको प्रस्तुतीकरण आवश्यक ठानिन्छ ।

**४) भाषा**

पाठ्य पुस्तकमा हुने भाषा सरल, सहज, बोधगम्य हुनुपर्छ । पाठ्य पुस्तकको भाषा अनुकरणीय हुनुपर्छ । त्यस्तै विषय वस्तुको स्वरुप अनुसार भाषामा मौलिकता हुनुपर्छ । पाठ्य वस्तुको प्रकृति अनुसार सरल, आकर्षक एवम् रुचिपूर्ण हुनु पर्दछ ।

### ४.२.२ ऐच्छिक नेपाली पाठ्यक्रमको सङ्क्षिप्त परिचय

पाठ्यक्रम समय र युगको आवश्यकता अनुसार निर्माण हुनुपर्छ । त्यसैले समय र परिस्थिति अनुसार पाठ्यक्रम परिमार्जित परिवर्तन भइरहन्छ । पाठ्यक्रम विकास निरन्तर चलिरहने प्रक्रिया हो । उच्च माध्यमिक शिक्षा परिषद्ले पनि पाठ्यक्रमलाई समय सापेक्षा बनाउनका लागि समय समयमा पाठ्यक्रम परिमार्जन र परिष्कार गरेको देखिन्छ । यस उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि नेपाली गद्ध साहित्य, भाषा र साहित्य परिचयमा विशिष्टीकरणतर्फ अभिमुख गराउन राखिएको हो । पाठ्यक्रम प्रारुप (२०६३) जुन परमार्जित (२०७१) को पाठ्यक्रम अनुसार पाठ्य पुस्तकमा समावेश गरिएका विधाहरु नेपाली कथा, उपन्यास, निबन्धको सामान्य परिचय, विवेचना, विकासक्रम र सम्बन्धित लेखकको

सङ्क्षिप्त परिचय तथा नेपाली भाषाको विकासक्रम स्वरुप र यसका प्रयोजनपरक भेदहरुका साथै साहित्यको परिचय, हेतु प्रयोजन शब्दशक्ति अलङ्कार र छन्दका परिचयात्मक अध्ययनको लागि विषय वस्तुहरु समावेश गरिएका छन् । यस पाठ्यक्रम अनुसार उद्देश्यहरुलाई साधारण उद्देश्य र विशिष्ट उद्देश्य गरी दुई भागमा उल्लेख गरिएको छ ।

### ४.२.२.१ साधारण उद्देश्य

उद्देश्य पाठ्यक्रमको सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । सिकाइका माध्यमबाट सिकारुको व्यवहारमा ल्याउन खोजिएको खास परिवर्तन नै उद्देश्य हो । उच्च माध्यमिक तहका कक्षा एघार ऐच्छिक नेपाली पाठ्यक्रमका साधरण उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क) नेपाली भाषा साहित्यको उन्नतिका निम्ति सकारात्मक भावना अभिवृद्धि गर्न,

ख) साहित्यिक चर्चा परिचर्चा लेखन कार्यहरुमा सहभागी भई आफ्ना दृष्टिकोणहरु व्यक्त गर्न,

ग) भाषिक अभिव्यक्तिमा साहित्यिकता, सिर्जनात्मकता र सुन्दरताप्रति अभिप्रेरित हुनु,

घ) निर्धारित कथा, उपन्यास र निबन्धहरुको अध्ययनबाट कथा, उपन्यास, निबन्ध लेखन क्षमताको विकास गर्न,

ङ) व्यावहारिक लेखन सम्बन्धी अभिव्यक्ति क्षमताको विकास गर्न,

च) साहित्यिक रचनाहरुको पठन निर्धारित विषय वस्तु परिवेश र उद्देश्य बारे कथ्य वा लेख्य अभिव्यक्तिको क्षमता बढाउन ।

### ४.२.२.२ विशिष्ट उद्देश्य

उद्देश्य शैक्षिक कार्यक्रमबाट उपलब्धि प्राप्त गर्न आवश्यक ज्ञानको छनोट गर्ने आधार हो । व्यावहारिक रुपमा मापन गर्न र अवलोकन गर्न सकिने उद्देश्यलाई विशिष्ट उद्देश्य मानिन्छ । उच्च माध्यमिक तह कक्षा एघार पाठ्यक्रमका विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क) नेपाली कथा, उपन्यास र निबन्धको विकासक्रमको सामान्य परिचय दिन,

ख) निर्धारित रचनाका रचनाकारहरुको सामान्य परिचय दिन,

ग) निर्धारित कथा उपन्यास र निबन्धहरुको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पङ्क्तिहरुको व्याख्या गर्न,

घ) नेपाली भाषाको ऐतिहासिक वर्तमान स्वरुप, संरचना र यसका प्रयोजन परक भेदको सामान्य परिचात्मक वर्णन र विवेचना गर्न,

ङ) नेपाली साहित्यको परिचय अन्तर्गत हेतु प्रयोजन, शब्द शक्ति, रस, अलङ्कार र छन्दको सामान्य परिचय दिन ।

पाठ्यक्रम विकासका प्रमुख आधार तत्व उद्देश्य हो । उद्देश्य बिना कुनै पनि कार्यक्रमले सही बाटो लिन नसक्ने हुनाले सर्वप्रथम उद्देश्यको निर्धारण गर्नुपर्छ । उच्च माध्यमिक तहको ऐच्छिक नेपाली पाठ्य पुस्तक पाठ्यक्रममा साधारण उद्देश्य अन्तर्गत छ वटा उद्देश्य राखिएको छ भने विशिष्ट उद्देश्य पाँच वटा निर्धारण गरिएको छ ।

### ४.२.३ पाठ्य विषयको विवरणका आधारमा अङ्कभार र पाठ्यभार पाठ्यक्रम

पाठ्य पुस्तक पाठ्यक्रम द्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि सहयोग गर्ने प्रमुख साधन हो । यो विद्यार्थीहरुका लागि पाठ्यक्रम अनुरुप तयार गरिएको महत्त्वपूर्ण आधिकारिक पाठ्य सामग्री हो । पाठ्य पुस्तकको सहयोगबाट शिक्षकले योजनाबद्ध शिक्षण गर्न सक्छन् । त्यसैले कुनै पनि पाठ शिक्षण गर्दा पाठ्यक्रम द्वारा निर्धारण गरिएको अङ्कभार, पाठ्यभारका आधारमा शिक्षण गर्नुपर्ने हुन्छ विधागत रुपमा यसमा पाठ्यभार छुट्याइएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

| खण्ड 'क'<br>नेपाली कथा | पाठ्य वस्तु | पाठ्यभार | अङ्कभार |
|---|---|---|---|
| १<br>२ | कथाको परिचय परिभाषा र तत्त्वहरु<br>आधुनिक नेपाली कथाको विकासक्रम | ४५ | ३० |

| | | | |
|---|---|---|---|
| ३ | गुरु प्रसाद मैनाली 'नासो' | | |
| ४ | विश्वेश्वर प्रसाद कोइराला 'दोषी चश्मा' | | |
| ५ | रुप नारायण सिंह 'बितेका कुरा' | | |
| ६ | पुष्कर शमशेर 'लोग्ने' | | |
| ७ | गोविन्द बहादुर 'गोठाले' मल्ल लक्ष्मी पूजा | | |
| ८ | रमेश विकल 'लाहुरी भैँसी' | | |
| ९ | इन्द्र बहादुर राई 'जय माया आफू मात्र लिखापानी आइपुगी' | | |
| १० | माया ठकुरी 'मृग तृष्णा' | | |
| ११ | परशु प्रधान 'छिडी भरिको आकाश' | | |
| **खण्ड 'क' नेपाली उपन्यास** | **पाठ्य वस्तु** | **पाठ्यभार** | **अङ्कभार** |
| १ | उपन्यासको परिचय, परिभाषा र तत्त्वहरु | ३० | २० |
| २ | आधुनिक नेपाली उपन्यासको विकासक्रम | | |
| ३ | उपन्यासकार रुद्रराज पाण्डे र रुपमती | | |
| ४ | उपन्यासकार लैनसिंह बाङ्देल र माइतघर | | |
| **खण्ड 'ग' नेपाली निबन्ध** | **पाठ्य वस्तु** | **पाठ्यभार** | **अङ्कभार** |
| 1 | निबन्धको परिचय, परिभाषा र तत्त्वहरु | ३० | २० |
| 2 | नेपाली निबन्धको विकासक्रम | | |
| 3 | लक्ष्मी प्रसाद देवकोटा 'पहाडी जीवन' | | |
| 4 | हृदय चन्द्र सिंह प्रधान 'जुँगा' | | |
| 5 | केशवराज पिँडाली 'खै खै' | | |
| 6 | रामकृष्ण शर्मा 'सगरमाथामा तेन्जिङ' | | |
| 7 | शङ्कर लामिछाने 'औपन्यासिक पात्रः जीवनको पृष्ठभूमिमा' | | |
| | अच्छा राई 'भुँडी' | | |
| 8 | श्याम प्रसाद शर्मा 'एक घण्टा बिताउन' | | |

| | | | |
|---|---|---|---|
| 9<br>10<br>11 | ताना शर्मा 'राष्ट्रियताको ज्योतिः हुलाक घर'<br>भैरव अर्याल 'अमरावती कान्तिपुरी नगरी' | | |
| **खण्ड 'घ'<br>नेपाली भाषा** | **पाठ्य वस्तु** | **पाठ्यभार** | **अङ्कभार** |
| 1<br>2<br>3<br>4<br>5<br>6<br>7<br>8<br>9 | भाषाको परिचय<br>नेपाली भाषाको इतिहास<br>नेपाली भाषाको स्वरुप<br>नेपाली भाषाका भाषिकाहरु<br>नेपाली कथ्य र लेख्य भाषा<br>सामान्य नेपाली र साहित्यिक नेपाली<br>ज्ञान विज्ञानको नेपाली<br>नेपालका प्रमुख भाषाहरुको सामान्य परिचय<br>प्राविधिक शब्दावली र वाक्यगठन | ३० | २० |
| **खण्ड 'ङ'<br>साहित्यिक<br>परिचय** | **पाठ्य वस्तु** | **पाठ्यभार** | **अङ्कभार** |

| | | | |
|---|---|---|---|
| 1 | साहित्यको परिभाषा, हेतु र प्रयोजन | १५ | १० |
| 2 | साहित्यको विधागत वर्गीकरण | | |
| 3 | शब्दशक्ति, अभिधा, लक्षण र व्यञ्जनाको सामान्य परिचय | | |
| 4 | रसको परिचय र नवरसको सोदाहरण परिचय | | |
| 5 | अलङ्कारको परिचय र अनुप्रास, यमक, श्लेष, उपमा, रुपक, दृष्टान्त, यमक र अलङ्कारको सामान्य परिचय | | |
| 6 | छन्दको परिचयका साथै अनुष्टुप, उपजाति मन्दाक्राता, शिखरिणी, शार्दूलविक्रीडित, झ्याउरे र मुक्त लयको पहिचान | | |

### ४.२.४ शिक्षण सामग्रीका आधारमा पाठ्यक्रमको अध्ययन

पाठ्यक्रमका आधारमा पाठ्य पुस्तकमा कक्षा एघारका ऐच्छिक नेपाली विषयलाई नै शिक्षण सामग्रीलाई आधार बनाएर अध्ययन गरिएको छ । पाठ्यक्रममा शिक्षण सामग्री भनेर स्पष्ट रुपमा उल्लेख गरिएको छैन । यसका लागि तयार पारिएका पाठ्य पुस्तक पाठ्यक्रम तथा शिक्षक निर्देशिका पाठ्य पुस्तकहरु नै कक्षाका मुख्य शिक्षण सामग्रीका रुपमा रहेको छ । कुनै पनि शिक्षकले कक्षा कोठामा प्रयोग गरिने सामान्य चक, मार्कर, डस्टर, कालोपाटी/ह्वाइट बोर्ड, व्याख्यान टिपोटका नमुनाका चार्ट आदि शिक्षण सामग्री नै हुन् । उच्च माध्यमिक तहको पाठ्यक्रमलाई कार्यान्वयन गर्न सहायक सामग्रीका रुपमा उच्च माध्यमिक शिक्षण निर्देशिका तथा विभिन्न विषयका गाइडहरु पनि प्रकाशित भएका छन् । यस तहको परीक्षा सञ्चालनको लागि विभिन्न विषयका प्रश्नपत्र निर्माण गर्न नमुना प्रश्नपत्र पनि तयार पारिएका छन् । विद्यार्थीहरुले पनि यसैका आधारमा अध्ययन गरेका छन् र पाठ्यक्रममा शिक्षण सामग्रीलाई प्रभावकारी रुपमा उल्लेख गरिएको छैन । शिक्षण सामग्रीले प्रभावकारी सामग्रीको रुपमा भूमिका निर्वाह गरी सिकाइलाई महत्त्वपूर्ण प्रभाव पार्दछ भन्ने कुरामा ध्यान दिई पाठ्यक्रममा समावेश गर्नु आवश्यक हुन्छ । आधुनिक प्रविधिको प्रबलतामा पाठ्य पुस्तक पाठ्यक्रम अनुरुपताको आधारमा

शिक्षण गर्न नयाँ प्राविधिक युक्त सामग्रीहरुलाई प्राथमिकताका साथ पाठ्यक्रममा समावेश गर्नु आवश्यक देखिन्छ ।

क) श्रव्य सामग्री : रेडियो टेपरिकर्डर, ग्रामाफोन, टेलिफोन आदि ।

ख) दृश्य सामग्री : कालो पाटी, गोजी तालिका, वाक्य पत्ती, शब्दार्थ पत्ती आदि ।

ग) श्रव्य दृश्य सामग्री : नाटक, टेलिभिजन, भिडियो, चलचित्र आदि ।

घ) मौखिक सामग्री : प्रश्नोत्तर, उदाहरण, छलफल ।

ङ) स्पर्श सामग्री आदि ।

पाठ्यक्रम शिक्षण सामग्रीका बारेमा केही कुरा नगरिए तापनि शिक्षण सिकाइका लागि कुनै न कुनै सामग्रीलाई आधार बनाउनु आवश्यक हुन्छ । उपयुक्त सामग्रीहरुलाई अरु विषयका शिक्षण सिकाइका लागि प्रयोग गरिने हुँदा ऐच्छिक नेपाली विषयका पाठ्यक्रमका लागि पनि यिनै सामग्रीलाई प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ ।

### ४.२.५ शिक्षण विधि/प्रक्रियाका आधारमा ऐच्छिक नेपाली पाठ्य पुस्तकको अध्ययन

शिक्षण विधि वा प्रक्रियाका सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको छैन । पाठ्यक्रममा उल्लेख नगरिए तापनि शिक्षण गर्ने बेला शिक्षकले कुनै न कुनै विधि वा प्रक्रिया अबलम्बन गर्नु आवश्यक छ । यसका लागि विविध विधाहरुको संयोजन बाट बनेका पाठ्यक्रमहरुमा विधा अनुसार शिक्षण विधि वा प्रक्रिया पनि फरक-फरक हुने गर्दछ । उच्च माध्यमिक कक्षाहरुमा प्रत्येक विधाहरुको शिक्षण निम्न प्रक्रियाबाट हुने गरेको पाइन्छ ।

**क) कथा**

कथा शिक्षण गर्न सर्वप्रथम कथाको परिचय, परिभाषा तथा यसका तत्त्वहरुका बारेमा जानकारी गराई त्यसपछि पाठ्य कथाका कथाकारको परिचय दिनुपर्ने हुन्छ र अनि मात्र कथाको विषय वस्तु तर्फ लाग्नु पर्ने हुन्छ । कथा शिक्षणको क्रममा कथा जनक/कथा वस्तु, चरित्र, उद्देश्य, भाषाशैली, शीर्षकको सार्थकता आदि कुराहरुलाई क्रमश : अगाडि बढाउँदै जानुपर्ने हुन्छ ।

**ख) उपन्यास**

उपन्यासको शिक्षण प्रक्रियाका लागि पनि कथाको जस्तै शिक्षण विधिहरुको प्रयोग गरिन्छ । उपन्यास एक बृहत विधा भएकाले यसको विषय वस्तु पनि कथाको भन्दा ठूलो हुन्छ । जे जस्तो भए पनि यसमा कथाको जस्तै कथा वस्तु/कथासार, उपन्यासको संरचना, चरित्र चित्रण, पर्यावरण/परिवेश, उदेश्य, भाषाशैली, दृष्टिविन्दु, शीर्षकको सार्थकता जस्ता कुराहरुलाई घटनाक्रम अनुसार क्रमबद्ध रुपमा प्रस्तुत गरी अन्तमा निष्कर्ष दिनु पर्दछ ।

**ग) निबन्ध**

कुनै विषयमा आत्मपरक वा वस्तुपरक ढङ्गले स्वतन्त्र विचार दिन सक्षम बनाउनु यस विधाको मुख्य उद्देश्य रहेको छ । यो विधाको शिक्षण गर्दा विवरणात्मक, समीक्षात्मक एवम् व्याख्यात्मक विधि अपनाउनु उपयुक्त हुन्छ । निबन्धका लागि आवश्यक पर्ने विषय वस्तु उद्देश्य र शैली जस्ता तत्त्वहरुलाई पनि स्पष्ट पारिदिनु पर्दछ ।

भाषा पाठ्यक्रममा राखिएका सामग्रीहरु शिक्षण गर्न भाषिक सिपहरुलाई ख्याल गर्नुपर्ने हुँदा शिक्षण प्रक्रियामा एकै खाले शिक्षण विधि उपयुक्त हुँदैन एउटै शिक्षण विधिका माध्यमबाट शिक्षण गर्दा शिक्षण प्रभावकारी हुन सक्दैन । जसका कारणले उद्देश्य अनुसारका भाषिक सिप र ज्ञान प्राप्त गर्न कठिनाई पर्दछ । भाषाका लागि छनोट भएका पाठ्य सामग्री मध्ये विधा र व्याकरणका कुराहरु पर्दछन् । तिनीहरुलाई एकै किसिमले शिक्षण गर्न सकिँदैन । विषय वस्तु अनुसारको शिक्षण विधि फरक फरक हुन्छ । पाठ्यक्रम मा विधा अनुसार शिक्षण विधि भाषिक कुशलताहरु र प्रयोग गरिने सामग्रीहरुलाई सङ्केत गर्नुपर्ने हुन्छ । कथा, उपन्यास, निबन्ध, नेपाली भाषा, साहित्य परिचय जस्ता विधाहरुको शिक्षण गर्दा के कस्तो विधिबाट शिक्षण गराउने भन्ने कुरा सामान्य रुपमा मात्र उल्लेख गरिएको छ तर प्रभावकारी रुपमा विस्तृत रुपमा उल्लेख गरिएको छैन । शिक्षण विधि वा प्रक्रिया पाठ्यक्रममा समावेश गर्नु अति नै आवश्यक मानिन्छ । त्यसै गरी यी दुबै भाषा पाठ्यक्रमले दलित, जनजाति, अपाङ्गजस्ता बालबालिकाहरुलाई शिक्षण गर्दा के कस्तो शिक्षण विधि वा प्रक्रिया अवलम्बन गर्ने भन्ने कुरालाई निर्देशन गराउन

सकेका छैनन् । त्यसकारण पाठ्यक्रम निर्माण गर्दा शिक्षण विधि वा प्रक्रियाका बारेमा स्पष्ट निर्देशन गर्नुपर्ने देखिन्छ ।

शिक्षण सिकाइका क्रममा प्रयोग गरिने विधि वा पद्धतिलाई सामान्य र विशिष्ट पद्धति भनेर छुट्याइएको पाइन्छ । सामान्य पद्धतिहरु दोस्रो भाषा सिकाइका लागि उपयोगमा ल्याएको पाइन्छ । सिकाइको विषय वस्तुको आवश्यकता हेरी यी दुवै पद्धतिहरुको प्रयोग एउटै ठाउँमा पनि हुन सक्छ । जे होस् भाषाको शिक्षणको क्रममा कुनै न कुनै विधि वा पद्धतिहरुको विकास र प्रयोग भएको पाइन्छ । नेपाली भाषालाई पहिलो वा दोस्रो भाषाका रुपमा सिक्दा निम्न लिखित विधि वा पद्धतिहरुलाई प्रयोग गर्नुपर्ने हुन्छ ।

क) छलफल विधि

ख) निगमनात्मक पद्धति

ग) आगमनात्मक पद्धति

घ) श्रुतिभाषिक पद्धति

ङ) पठन विधि

च) नाटक अभिनय विधि

छ) मौन विधि

ज) प्रश्नोत्तर विधि

झ) प्रत्यक्ष विधि

ञ) आदनात्मक विधि

ट) प्रदानात्मक विधि

### ४.२.६ मूल्याङ्कनका दृष्टिले कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक को अध्ययन

शिक्षण सिकाइ प्रक्रियाबाट के कति मात्रामा व्यावहारिक परिवर्तन भयो ? व्यक्तित्त्वमा के कस्तो परिवर्तन भयो ? व्यक्तिमा भएका कमी कमजोरीहरुलाई हटाउन क कति प्रयास भए ? त्यसको लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ । विद्यार्थीको प्रगति नै शिक्षाको मूल उद्देश्य भएकाले उनीहरुको सर्वाङ्गीण विकास कार्यलाई सुदृढ र गतिशील बनाउनु पर्दछ । शिक्षण सिकाइको क्षेत्रमा त झन मूल्याङ्कन अपरिहार्य छ । मूल्याङ्कनबाट नै पठन पाठनलाई

प्रभावकारी बनाउन एक तहबाट अर्को तहमा जान मूल्याङ्कन को आवश्यकता पर्दछ । मूल्याङ्कनका विभिन्न साधनहरु हुन्छन् । तिनै साधनहरु कै माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण पक्षको लेखाजोखा गरिन्छ । औपचारिक रुपमा रहेको परीक्षा नै मूल्याङ्कनको प्रमुख साधन होइन मूल्याङ्कन विभिन्न प्रकारका हुन्छन् । अवलोकन, क्रम विवरण रुजु सूची सङ्कलित अभिलेख, आकस्मिक अभिलेख आत्मविवरण, आत्म मूल्याङ्कन, शिष्ट मूल्याङ्कन यिनै मूल्याङ्कनका प्रविधिहरुबाट विद्यार्थीहरुको आन्तरिक र बाह्य प्रगतिबारे जानकारी हुन्छ । मूल्याङ्कनबाट नै विद्यार्थीका कमी कमजोरीको पत्ता लगाई सुधार गर्ने मौका विद्यार्थीहरुलाई पृष्ठपोषण प्रदान गर्दछ । मूल्याङ्कनका दृष्टिले कक्षा एघारका ऐच्छिक नेपाली पाठ्य पुस्तकमा मूल्याङ्कनका आधारहरु खासै उल्लेख गरिएको छैन तर पाठ्यक्रमका अनुरुपताका आधारमा अन्तिम परीक्षालाई नै प्रमुख मूल्याङ्कनका आधार मानिएको छ । विद्यार्थीको लागि अन्तिम परीक्षामा १०० पूर्णाङ्क लिखित परीक्षालाई मात्र आधार बनाएर मूल्याङ्कन गर्नु भन्दा कक्षाकोठा छलफल आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता, अवलोकन, अर्न्तवार्ता जस्ता मूल्याङ्कनलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ ।

## ४.३ पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली भाषिक सिपपरक अध्ययन

नेपाली भाषा शिक्षण गर्नुको मूल अभिप्राय विद्यार्थीहरुमा भाषिक क्षमताको विकास गराउनु हो । भाषाका पाठ्यक्रम अनुरुपताको आधारमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ प्रमुख भाषिक सिप हुन् । भाषाका चार वटै सिपको शिक्षण गर्ने विविध विधि भए पनि यसलाई वर्तमान एकीकृत ढाँचा र एक कालिकताको सिद्धान्तको प्रयोग गरी शिक्षण गर्नु उत्तम मानिन्छ । भाषा शिक्षणको जुनसुकै विधा वा विषय वस्तुको एवम् भाषा तत्त्व लाई माध्यम बनाएर मूलतः भाषा शिक्षण गर्नु भनेको भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको आर्जन गर्नु हो । भाषा शिक्षण गर्न भाषिक विषय वस्तु सिकाउनु मात्रै नभई भाषिक प्रयोगमा सिपालु र दक्ष बनाउनु हो । भाषाको सिप प्रयोग पक्षका महत्त्वपूर्ण पक्ष भनेका भाषाका चारऔटै सिपका माध्यमबाट सम्पादन हुने आदनात्मक र प्रदानात्मक कुशलता प्राप्त गर्नु हो । तसर्थ

भाषा शिक्षण गर्दा चार ओटै भाषिक सिपको सन्तुलित प्रयोग आवश्यक हुन्छ । भाषा शिक्षण विषय वस्तुको शिक्षण नभएर भाषिक सिपहरुको शिक्षण हो । भाषाका चार वटा सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ एक आपसमा अन्तर सम्बन्धित हुन्छ । भाषाका चार वटा सिप मध्ये सुनाइ र पढाइ ग्रहण अर्थात् आदान पक्ष हुन् भने बोलाइ र लेखाइ अभिव्यक्ति प्रदान पक्ष हुन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु पूर्ति गर्नका लागि भाषिक सिप परक अध्ययनका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) सुनाइ

ख) बोलाइ

ग) पढाइ

घ) लेखाइ

**क) सुनाइ**

सुनाइ सिप भाषिक सिपको प्रमुख पक्ष हो । अरुद्वारा व्यक्त गरिएका विचारहरुलाई सुनाइ बाट अर्थपूर्ण कुरा ग्रहण गर्न वा अर्थपूर्ण ढङ्गाले बोध अर्थात् ग्रहण गर्ने गर्दछ । कुनै पनि विषय वस्तुलाई सुनेर भाव ग्रहण गर्न सक्नु नै वास्तविक सुनाइ हो । सुनाइलाई भाषाको प्रारम्भिक र आधारभूत सिप मानिन्छ । भाषिक सिपमध्ये सर्वप्रथम आउने सिप भएकाले सही रुपमा सुनाइ भए मात्र त्यस पछिका पढाइ र लेखाइ सिपको विकास गर्न सजिलो हुन्छ । त्यसैले भाषा शिक्षण गर्दा सर्वप्रथम प्रभावकारी सुनाइ आवश्यक हुन्छ । भाषिक सिप विकास गर्न नभई नहुने सिप हो । पाठ्यक्रमले निर्धारण गरे अनुसार कक्षा एघारको ऐच्छिक विषय नेपाली मा भाषिक सिप सुनाइलाई महत्त्वपूर्ण रुपमा मानेर सुनाइ शिक्षण सिकाइ कार्यकलापमा अनिवार्य गराउन विभिन्न माध्यमबाट भाव ग्रहण गर्न, क्षमता वाचन वक्तृत्व क्षमता बढाउन, वैयक्तिक, सामाजिक तथा व्यावहारिक आवश्यकता पुरा गर्न साथै ग्रहण अभिव्यक्ति कलाको महत्त्वपूर्ण तथा अति आवश्यक पक्ष मानिएको छ । उच्च माध्यमिक कक्षा एघारको ऐच्छिक नेपाली विषयमा सुनाइ सिप विकासका लागि श्रुति बुँदा टिपोट, श्रुति बोध, कथाकथन, श्रुति रचना प्रश्नोत्तर, श्रुति लेखन जस्ता विभिन्न कार्यकलापहरु गर्नु पर्ने पाठ्यक्रमले निर्धारण गरिएको छ ।

**ख) बोलाइ**

भाषिक सिप विकासका लागि बोलाइ भाषाको दोस्रो आधारभूत सिप हो । बोलाइ प्रदानात्मक माध्यम हो । भाषाका माध्यमबाट आफ्ना आवश्यकता पुरा गर्न इच्छा र जिज्ञासा व्यक्त गर्न, निर्देशन दिन, मौखिक रुपमा व्यक्त गर्नु बोलाइ हो । बोलाइ भाषिक विनिमय र सामाजिक अन्तरक्रियाको बलियो माध्यम हो । त्यसैले सामाजिक, सांस्कृतिक तथा शैक्षिक तथा प्राज्ञिक प्रयोजनका लागि बोलाइ सिपको अपेक्षा गरिन्छ । बोलाइ सिप अन्तर्गत शिष्टता, स्तरीयता, स्पष्टता जस्ता अभिव्यक्तिगत क्षमताको विकास गर्नु पर्दछ । कक्षा एघार ऐच्छिक विषय पाठ्यक्रम छ । भाषिक सिप विकासमा सुनाइको प्रतिक्रिया बोलाइमा र बोलाइको प्रतिक्रियामा सुनाइमा पर्ने हुनाले यी दुईमा एकापसमा अन्तर सम्बन्धित छन् । बोलाई शिक्षण गर्दा वा बोलाई सिपको विकास गर्दा सुनाई सिप सँगसँगै वा अन्तर सम्बन्धित गरेर शिक्षण गर्नु पर्दछ । भाषिक सिप विकास गर्नको लागि सामाजिक साँस्कृतिक वैयक्तिक सम्बन्ध स्थापित गर्न सभा, सम्मेलन, छलफल, गोष्ठी, प्रवचन, वादविवाद, शिक्षण आदिका लागि बोलाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यस्तै गरी स्तरीय भाषा प्रयोग गर्न, कुशल, शिष्ट, स्तरीय र स्पष्ट अभिव्यक्ति क्षमता विकासका लागि यसको महत्त्वपूर्ण भूमिका रहन्छ । जुन बोलाइ सिपको विकास गर्नका लागि विविध कार्यकलापहरु संवाद, अभिनय, नाटकीकरण, चित्र वर्णन, कथा कथन, वादविवाद, छलफल, घटना वर्णन, प्रश्नोत्तर जस्ता कार्यकलापहरु गर्नुपर्ने उच्च माध्यमिक पाठ्यक्रमले समेटिएको छ ।

**ग) पढाइ**

पढाइको सम्बन्ध बोध क्षमतासँग रहेको हुन्छ । पढाइ भनेको लिपिबद्ध सामग्रीलाई आँखा र मस्तिष्कका माध्यम द्वारा अर्थ ग्रहण गर्दै पढ्नु हो । भाषिक सिप विकासका लागि यो एउटा महत्त्वपूर्ण बोध पक्ष हो । सुनाइ र बोलाइ पछि तेस्रो भाषिक सिपका रुपमा लिइन्छ । सुनाइ र बोलाइ माथिल्ला तहका सिप हुन् । सुनाइ र बोलाइको अभ्यास गराएपछि मात्र पढाइको प्रारम्भ हुन्छ । पढाइ सिप सुनाइ भन्दा बढी जटिल हुन्छ । सुनाइमा सुनेर अर्थ ग्रहण गरिन्छ भने पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएका ज्ञान वा सूचनालाई पाठकद्वारा मस्तिष्कले

सङ्गठित गर्ने सिप हो । लिखित सामग्री बुझ्नका लागि साथै बुझाउन सक्ने क्षमताको प्राप्त गर्नु पढाइको मुख्य प्रयोजन हो । उच्च माध्यमिक कक्षा एघार ऐच्छिक नेपाली विषयका लागि पढाइ सिपको अनिवार्य आवश्यकता पाठ्यक्रमले तोकिएको छ । पढाइ सिप विकासका लागि सस्वर र मौन गरी दुई प्रकारबाट क्रियाकलाप गराउन सकिन्छ ।

**घ) लेखाइ**

भाषाका चार सिपमध्ये लेखाइ सिप एक महत्त्वपूर्ण प्रदानात्मक सिप हो । सुनेका, देखेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य लेखाइबाट हुन्छ । भाषिक अभिव्यक्तिलाई लिपिबद्ध रुपले व्यक्त गर्ने माध्यम लेखाइ हो । अभिव्यक्तिको मौखिक माध्यम बोलाइ त्यसको लिखित माध्यम लेखाइ हो । टाढा रहेका व्यक्तिसम्म आफ्ना भावना पुऱ्याउन, कुनै प्रसङ्ग वा विचार दीर्घकालसम्म सञ्चित राख्न दैनिक व्यावहारिक कार्य सम्पन्न गर्न, सिर्जनात्मक प्रतिभाको विकास गर्न, लेखाइ सिपको विशेष भूमिका रहेको हुन्छ । लेखाइ सिप विशिष्ट भएकाले शिक्षण सिकाइ प्रक्रिया निकै महत्त्वपूर्ण साथै भाषिक सिप विकासको चौथौ आधारभूत सिप पाठ्यक्रममा, ऐच्छिक विषयमा व्यावहारिक, व्यावसायिक, समसामयिक तथा प्रशासनिक आवश्यकका विद्यार्थीहरुमा सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको भूमिका महत्त्वपूर्ण रहेको छ । लेखाइ सिपको विकास गर्न माध्यमिक तहको ऐच्छिक पाठ्यक्रमले अनुलेखन, श्रुति लेखन, घटनावर्णन, कथा लेखन, कविता लेखन, अनुभव लेखन आदि माध्यमबाट विकास गराउन सकिने कुरा पाठ्यक्रममा उल्लेख गरिएको छ ।

# अध्याय : पाँच
# सारांश, निष्कर्ष र उपयोग

प्रस्तुत शोधको यस अध्यायमा शोधको सारांश, निष्कर्ष र उपयोगको बारेमा चर्चा गरिएको छ । सारांशमा शोधको सुरुदेखि अन्त्यसम्मका सम्पूर्ण तथ्याङ्कलाई कुन कुन अध्याय मा कुन कुन शीर्षक तथा उपशीर्षकमा कसरी वर्णन गरिएको छ भन्ने कुरा छर्लङ्ग पारिएको छ । पाठ्यक्रम अनुरुपता अध्ययन शीर्षकमा पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकमा समावेश गरिएका विधागत विविधता क्षेत्र र क्रम छनोट र स्तरण को उद्देश्य अनुरुप सिपपरक उपयोग को अध्ययन गरिसकेपछि त्यसमा भएका समस्याहरुको निराकरणका उपायहरु प्रस्तुत गरी सबै गुणात्मक तथ्याङ्कको विस्तृतीकरणको निचोड निष्कर्षको रुपमा उल्लेख गरी यस अध्ययनको उपयोगलाई विभिन्न उपशीर्षकमा वर्ण गरिएको छ ।

## ५.१ सारांश

पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । कक्षा एघारको ऐच्छिक विषय पाठ्य पुस्तकको विधागत विविधताका आधारमा गुणात्मक ढाँचामा विश्लेषणात्मक अध्ययन गरिएको यस शोधपत्रको सङ्गठन जम्मा पाँच अध्यायमा सङ्गठित छ । अध्याय एकमा शोध परिचय, मुख्य शीर्षक अन्तर्गत शोधको पृष्ठभूमि, समस्या कथन, उद्देश्य, शोधको औचित्य, शोधको सीमाङ्कन, प्रयुक्त विशेष शब्दको परिभाषा एवम् शोधपत्रको रुपरेखा जस्ता उपशीर्षक प्रस्तुत गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा रहेको छ । यसमा पूर्वकार्यको समीक्षा तथा अन्तर्गत नेपाली पाठ्य पुस्तकसँग सम्बन्धित हालसम्म भएका शोधहरुको अध्ययन गरिएको छ भने यसको उपयोगलाई पनि दर्साइएको छ । सैद्धान्तिक अवधारणालाई पाठ्यक्रमको परिचय पाठ्य पुस्तकको परिचय पाठ्यक्रम लक्ष्यका स्रोतहरु, पाठ्यक्रमका तत्त्वहरु, पाठ्यक्रम विकास सिद्धान्त, पाठ्य पुस्तकको आवश्यकता तथा महत्त्व, पाठ्यक्रम र पाठ्य पुस्तकको सम्बन्ध जस्ता

मुख्य उपशीर्षक र आवश्यकता अनुसार उपसहायक शीर्षकमा विभाजन गरी विषय वस्तुको प्रस्तुत गरिएको छ ।

अध्याय तिनमा विधि, अध्ययन ढाँचा, नमुना छनोट र छनोट प्रक्रिया, तथ्याङ्कको स्रोत तथ्याङ्क वा सूचना सङ्कलनका प्रक्रिया, व्याख्या तथा विश्लेषण प्रक्रिया, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनको साधन जस्ता उपशीर्षक राखी अध्ययन विधिलाई पूर्णता दिइएको छ । अध्ययाय चारमा प्रस्तुत शोधपत्रको मुख्य अध्याय प्राप्ति हो । यसमा पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकबाट प्राप्त विधागत विविधता अध्ययन पाठ्यक्रम अनुरुपताको आधारमा सिपपरक अध्ययन व्याख्या विश्लेषण गरिएको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगका साथै सूची प्रस्तुत गरी शोधपत्रलाई पूर्णता दिइएको छ ।

## ५.२ निष्कर्ष

वर्तमान समय सन्दर्भ पाठ्यक्रम अनुरुप कक्षा एघारको ऐच्छिक विषय नेपाली पाठ्य पुस्तकमा भाषिक सिप हासिल गर्नको लागि विविध विधालाई विषय वस्तुको सिपपरक अध्ययन विषय वस्तुको आधार बनाइएको पाइन्छ । यस अन्तर्गत कथा, उपन्यास, निबन्ध, भाषाको परिचय, साहित्यको परिचय गरी विभिन्न विधाहरु रहेका छन् । कथा विधामा कथा परिभाषा, तत्त्वहरु, कथाको वर्गीकरण कथाको विकासक्रम अन्तर्गत प्राथमिक काल, माध्यमिक काल, आधुनिक काल (प्रथम चरण र दोस्रो चरण) रहेका छन् र आधुनिक कथा, मनोवैज्ञानिक कथा, सामाजिक कथा, बाल मनोवैज्ञानिक कथा जस्ता विविध कथाहरु समाविष्ट छन् । कथाहरु नौ वटा कथाहरु समावेश गरिएको पाइन्छ । उपन्यास विधामा उपन्यासको विकासक्रम प्राथमिक माध्यमिक, आधुनिक गरी तिन कालमा विभाजन गरिएको छ । उपन्यासका प्रमुख धारा वा मोडेर प्रवृत्तिहरु समावेश आर्दशवादी, समाजिक, मनोवैज्ञानिक जस्ता प्रवृत्ति रहेका छन् । निबन्ध विधा अन्तर्गत निबन्धको परिचय, परिभाषा, तत्त्वहरु, वर्गीकरण गरी निबन्धको विकासक्रम प्राथमिक, माध्यमिक आधुनिक काल गरी आधुनिक कालमा प्रथम चरण, द्‌वितीय चरण, तृतीय चरण गरी वर्गीकरण गरिएको छ । निबन्धका प्रमुख धारा र प्रवृत्तिको समाविष्ट गरिएको छ । निबन्ध

विधामा आठ वटा निबन्धहरु समावेश गरिएको छ । जुन निबन्ध, आत्मपरक, वस्तुपरक, व्यङ्ग्यात्मक रहेको छ ।

भाषाको परिचय नेपाली भाषा अन्तर्गत भाषाको परिचय भाषाको परिभाषा, विशेषता, नेपाली भाषाको इतिहास वर्गीकरण नेपाली भाषाका भाषिका, कथ्य, लेख्य नेपाली भाषाहरुको सामान्य परिचय समावेश गरिएको छ । साहित्यको परिचय विधा अन्तर्गत साहित्य शब्दको अर्थ, परिभाषा, साहित्यको हेतु, प्रयोजन, विधागत वर्गीकरण, शब्दशक्ति, रसको चिनारी, अलङ्कारको परिचय छन्दको परिचय जस्ता विषय वस्तु समावेश गरिएको छ । पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा एघारको ऐच्छिक विषय नेपाली पाठ्य पुस्तक विधागत रुपमा सिपपरक उपयोगको अध्ययन गर्दा यसका केही कमी कमजोरीहरु फेला परेका छन् । यी दुर्बल पक्ष हटाउनका लागि पाठ्यक्रमका उद्देश्य अनुरुप विधाहरुको छनोट हुनुपर्ने, प्रश्नहरु निर्माण गर्दा विधागत सिकाइ र उद्देश्यलाई ख्याल गर्नुपर्ने सिपगत रुपमा भाषाका चारवटै सिपलाई एकीकृत रुपमा जोड दिनुपर्ने शिक्षणका लागि पाठ विषय वस्तु अनुरुप उद्देश्य विधि कार्यकलाप मूल्याङ्कनको बारेमा उल्लेखित शिक्षक निर्देशिका उल्लेखित गर्नुपर्ने देखिन्छ ।

वर्तमान समय पाठ्यक्रम अनुरुप परिवर्तन पाठ्य पुस्तकमा समावेश गरिएका पाठको व्यवस्था तथ्याङ्कबाट निकालिएका बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) पाठ्यक्रम अनुरुपताका आधारमा वर्तमान पाठ्य पुस्तकले शिक्षक तथा विद्यार्थीका लागि उपयुक्त र वैज्ञानिक शैलीका देखिन्छन् ।

ख) पाठ्य पुस्तक निर्माणमा विद्यार्थीहरुको मनोविज्ञानलाई उचित सदुपयोग गरी सरलबाट जटिलताको क्रममा विधाहरु समावेश गरिएको छ ।

ग) विधा अन्तर्गतका पाठ केही जटिल नै देखिए तापनि विषय वस्तु समय सान्दर्भिक देखिन्छ ।

घ) उच्च माध्यमिक तहका कक्षा एघारका विद्यार्थीहरुको सिर्जनशील क्षमता विकासका लागि विधागत विविधता को समावेश गरिएको छ ।

ङ)	भाषाको चारवटै सिप विकास अन्तर्गत सुनाइ र बोलाइ सिपको कमी र पढाइ र लेखाइलाई बढी जोड दिइएको छ ।

च)	भाषाको चारवटै सिपलाई एकीकृत रुपले विषय वस्तुमा समावेश गर्नुपर्ने देखिन्छ ।

छ)	पाठ्यक्रम अनुरुपताका आधारमा शिक्षण सामग्री अन्तर्गत सामग्रीहरु उल्लेख गरिएको छैन ।

ज)	पाठ्यक्रम अनुरुपताको आधारमा शिक्षण विधि अन्तर्गत वैज्ञानिक विधिहरु अपनाइएको छैन ।

झ)	पाठ्यक्रम अन्तर्गत मूल्याङ्कनका साधनहरु प्रयोग नगरी अन्तिम परीक्षालाई मात्र मूल्याङ्कन प्रणाली अपनाई पुरानो विधिलाई मात्र जोड दिइएको पाइन्छ ।

ञ)	पाठ्यक्रम अनुरुपताको आधारमा व्यावहारिक भन्दा सैद्धान्तिक पक्षलाई जोड दिइएको छ ।

पाठ्यक्रम अनुरुपका आधारमा कक्षा एघारको पाठ्यक्रमले विद्यार्थीहरुको रुचि, उमेर, क्षमताका साथै स्तरण र क्रमबद्धतालाई ख्याल गरिएको छैन । पाठ्यक्रमले विद्यार्थीहरुको आवश्यकता अनुसार विभिन्न वैयक्ति विविधताको आधारमा शिक्षण विधिलाई प्रभावकारी बनाई निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियामा निरन्तरता दिनुपर्ने देखिन्छ । पाठ्यक्रममा शिक्षकहरुलाई शिक्षक निर्देशिका, पाठ्यक्रम निर्देशिका तथा परीक्षा निर्देशिकाहरु तयार गर्नुपर्ने देखिन्छ । पाठ्यक्रममा प्रत्येक विधाका लागि उपयोगी र आवश्यक पर्ने शिक्षण सामग्रीहरुको स्पष्ट उल्लेख हुनुपर्ने देखिन्छ ।

## ५.३ उपयोग

पाठ्यक्रम अनुरुपताका आधारमा ऐच्छिक नेपाली पाठ्य पुस्तकमा समावेश विधागत विविधता सिपरख वितरणका आधारमा निर्माण गरिएका छन्, छैनन् भन्ने जवाफसँग सम्बन्धित रहेको प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न तयार गरिएको छ । विश्व विद्यालय अन्तर्गत औपचारिक

रुपमा निश्चित तह पार गर्न वा उपाधि हासिल गर्नका लागि गरिएको यो शोधपत्र शोधपाधिक अनुसन्धान हो । विधागत विविधता क्षेत्र र क्रम स्तरणको आधारमा अनुसन्धान गरिएको छ । यो अध्ययन सम्बन्धित क्षेत्रका जिज्ञासुका लागि उपयोगी हुने देखिन्छ । साथै यही प्रयोग गरी गरिने पछिल्ला विश्लेषणलाई पनि यसको सहयोग पुऱ्याउने देखिन्छ । प्रस्तुत अध्ययनका उपयोग निम्न उपशीर्षकमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

### ५.३.१ नीतिगत तह

नीतिगत उपयोग भनेको कुनै खास अनुसन्धानले सम्बन्धित क्षेत्रमा नीति निर्माण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा के कति, कसरी सहयोग गर्छ वा गर्न सक्छ भन्ने पक्षसँग सम्बन्धित हुन्छ । नेपालमा उच्च माध्यमिक तहदेखि ऐच्छिक विषय आफ्नो इच्छा अनुसार छनोट गरी स्नाकोत्तर तहसम्म नेपाली भाषाको शिक्षण गरिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य अनुरुप पाठ्य पुस्तक छन् वा छैनन् । पाठ्य पुस्तकमा समावेश गरिएका विधागत विविधता क्षेत्र र क्रम छनोट र स्तरणको अध्ययन गरी पाठ्यक्रम मा उद्देश्य अनुरुप सिपपरक उपयोगको स्थिति खोजी गरेर त्यस अनुरुप पाठ्य पुस्तकको मल्याङ्कन गरिएको छ । यस पाठ्य पुस्तकले विद्यार्थीहरुले भाषिक ज्ञान, सिप र अभिवृत्तिको विकास गराउने उद्देश्यले पाठ्य पुस्तकमा भएका कमी कमजोरी औल्याई शैक्षणिक उद्देश्य र पाठ्य पुस्तकमा प्रभावकारी र पर्याप्त रुपमा प्रतिनिधित्व गरेको हुनु पर्दछ । तसर्थ यस अध्ययनको नीतिगत उपयोग भनेको पाठ्यक्रम निर्माता, पाठ्य पुस्तक लेख एवम् शिक्षकहरुका लागि मार्गदर्शन गर्नेसँग रहेको छ । भाषिक मूल्याङ्कनका लागि पाठ्यक्रमले निर्धारण गरेका विधा र क्षेत्रलाई समेट्न सकेका छन् छैनन् ? प्रत्येक पाठको शीर्षक तथा उपशीर्षकहरुमा समावेश गरिएको ज्ञानको प्रकृति प्रत्येक पाठबाट निर्माण गरिएका विषय वस्तु उद्देश्यबाट विद्यार्थीहरुमा भाषिक ज्ञान सिर्जनात्मक विकास, मौलिकता र सिप र अभिवृत्तिको विकास गर्न समय सापेक्ष सान्दर्भिक निर्क्यौल गरी यसलाई सुधारात्मक दिशातर्फ लैजान यस अध्ययनले शिक्षाविद् नीति निर्माता, पाठ्यक्रम निर्माता, पाठ्य पुस्तक लेखक, शिक्षक एवम् यससँग सम्बन्धित सबैलाई मार्ग प्राप्त गर्न सक्छ ।

### ५.३.२ प्रयोगगत तह

भाषिक रुपमा सिर्जनशीलता, मौलिक, सिपपरक उपयोग व्यावहारिक पक्षसँग सम्बन्धित विषय नै प्रयोगमूलक पक्ष हो । यस शोधपत्रको मुख्य प्राप्ति भनेको अध्याय चारको विधागत र सिपगत अध्ययन विश्लेषणसँग सम्बन्धित उपशीर्षक अन्तर्गत संरचित विषय हुन् । भाषिक सिप विकास गर्न साहित्य सिर्जना गर्न पाठ्यक्रमको उद्देश्य एवम् विधागत सिपगत दृष्टिले प्रभावकारी, व्यावहारिक रुपमा उपयुक्त बनाउनु नै यस अध्ययनको मुख्य प्रायोगिक उपयोग मान्न सकिन्छ । पाठ्य पुस्तकको अध्ययन विश्लेषणबाट सम्बन्धित क्षेत्रका विशेषज्ञहरु, शिक्षकहरु विद्यार्थीहरु एवम् सम्पूर्ण जिज्ञासु पाठकहरुले यस अध्ययन विषय वस्तुलाई महत्त्वपूर्ण पद्धति र प्रक्रियाबारे जानकारी लिन सक्छन् । प्रस्तुत शोधपत्र पाठ्य पुस्तक निर्माणकर्ता एवम् पाठ्यक्रम निर्मातालाई पाठ्यक्रमका उद्देश्य अनुरुप विधागत र सिपगत वितरण उपयुक्त मार्ग प्रदर्शन गर्नुका साथै गुणस्तरयुक्त पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तक निर्माण गर्न विद्यार्थीको सही मूल्याङ्कन गर्न र भाषिक सक्षमता विकास गर्न पाठ्यक्रम अनुरुपता, उद्देश्यपरकता, भाषिक शुद्धता, सिर्जनात्मक साहित्य विकास तथा क्षमताको विकास आदिका व्यावहारिक खालको निर्माणका आधार बन्न सक्छन् । यसबाट विद्यार्थीको उमेर, रुचि र क्षमता अनुसार तहगत सक्षमताहरु निर्माण, प्रयोग र सुधार गर्न सम्बन्धित शिक्षक, परीक्षक, पाठ्यक्रम एवम् पाठ्य पुस्तक निर्मातालाई समेत मार्ग प्रदर्शन गर्ने अपेक्षा गरिएको छ ।

### ५.३.३ भावी अध्ययन

कुनै पनि अुनसन्धानले एकै पटकमा सम्पूर्ण पक्षहरुलाई समेट्न सक्दैन । यो कार्य एक पटकमा पूर्ण हुने कार्य नभई निरन्तर चलिरहने प्रक्रिया हो । अनुसन्धानबाट प्राप्त सूचनाका आधारमा पाठ्य पुस्तकमा गरिने भाषिक प्रयोग र प्राप्तिबाट निर्णय लिने आधार प्राप्त हुने भएकाले पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकमा समावेश विधा, सिपपरक अध्ययन उद्देश्य अनुरुप व्याख्या विश्लेषण अध्ययन गर्दै जाने हो भने यस पाठ्य पुस्तकमा भएका कमी कमजोरीहरुको पहिचान गर्न सकिन्छ । यसबाट शिक्षण प्रक्रिया र परीक्षणको तालमेल मिलाएर भाषिक सिपहरुको

स्वाभाविक र व्यावहारिक उपयोग गरी परीक्षण प्रविधिहरुको सञ्चालन गर्न समेत सहयोग पुग्दछ । तसर्थ पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघार ऐच्छिक नेपाली पाठ्य पुस्तकका लागि गर्न सकिने सम्भाव्य अध्ययनका शीर्षकहरुलाई निम्नानुसार बुदाँबद्ध गरिएको छ :

क) पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक अध्ययन ।

ख) पाठ्य पुस्तकमा समावेश गरिएका विधागत विविधता क्षेत्र र क्रम छनोट र स्तरणको अध्ययन विश्लेषण ।

ग) पाठ्यक्रमका उद्देश्य अनुरुप सिपपरक उपयोग अध्ययन ।

घ) पाठ्य पुस्तकमा समावेश विधाहरुको छनोट, क्रम पाठ्यक्रमको उद्देश्य अनुरुप छन् वा छैनन् त्यसको अध्ययन ।

# सन्दर्भ सूची


अधिकारी, राम कुमार र अन्य (२०३८), **नेपाली भाषा शिक्षण**, काठमाडौँ : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि., बाग बजार ।

अधिकारी, हेमाङ्ग राज र बद्री विशाल भट्टराई (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. कमलपोखरी ।

कार्की, गङ्गा बहादुर (२०६५), **कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासहरुको विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.कीर्तिपुरा ।

के.सी., अञ्जना (२०७१), **कक्षा सातको नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, वि.वि. कीर्तिपुर ।

घिमिरे, ध्रुव कुमार (२०५१), **पुरानो र नयाँ अनिवार्य भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन**, त्रि.वि. कीर्तिपुर

तिवारी, बुद्धिनाथ (२०६८), **कक्षा एघारको सबैको नेपालीमा रहेको व्याकरणात्मक अभ्यासको विश्लेषण** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

थापा, नारद कुमार (२०६१), **माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन**, अप्रकाशित शोधपत्र स्नातकोत्तर तह, त्रि.वि. कीर्तिपुर ।

थापा, शारदा (२०७०), **कक्षा सात र आठको नेपाली पाठ्य पुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन**, अप्रकाशित शोधपत्र स्नातकोत्तर, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग त्रि.वि. कीर्तिपुर ।

दाहाल, मोहन कुमार (२०५५), **निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्य पुस्तकमा प्रयुक्त नमुना अभ्यास : एक अध्ययन**, अप्रकाशित शोधपत्र स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

पराजुली, तीर्थराज र अन्य (२०६६), **शिक्षामा मापन तथा मूल्याङ्कन** काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पाण्डे, गोमा (२०६३), **कक्षा सातको नेपाली पाठ्य पुस्तकमा सभाविष्ट नमूना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पुरी, दिलनाथ (२०५३), **प्राथमिक शिक्षा नेपाली भाषा पाठ्यक्रम २०३६/३८ र २०४९ को तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, होमनाथ र केशवसिंह धामी (२०६७), **कक्षा नौ को नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डको विश्लेषण**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

वाग्ले, मन प्रसाद र लेखनाथ पौडेल (२०६०), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०७०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६३), **पाठ्यक्रम योजना र अभ्यास** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, प्रेम प्रसाद (२०५७), **निम्न माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०२८ र २०४९/५० को तुलनात्मक अध्ययन**, (अप्रकाशित एम.एड शोधपत्र)

श्रेष्ठ, चन्द्र बहादुर र अन्य (२०६७), **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

# व्यक्तिवृत्त



नाम : शिरमाया सुनारी

जन्म स्थान : आँबुखैरेनी-७, भाँगे, तनहुँ

जन्म मिति : २०४५/०१/२९

बुबाको नाम : रञ्जित सुनारी

आमाको नाम : मनमाया सुनारी

पतिको नाम : डम्बर बहादुर मगर

लिङ्ग : महिला

नागरिकता : नेपाली

धर्म : हिन्दु

मातृभाषा : नेपाली

भाषिक ज्ञान : नेपाली र अङ्ग्रेजी

पेसा : शिक्षण (ओम सनशाइन आवासीय माध्यमिक विद्यालय, आँबुखैरेनी-६, तनहुँ)

स्थायी ठेगाना : आँबुखैरेनी-७, भाँगे, तनहुँ

फोन नम्बर : ९८०६७५६७५६/९८४६७४६३४३

**शैक्षिक योग्यता :**

| क्र. सं. | तह | शैक्षिक संस्था | उत्तीर्ण प्रतिशत | पास गरेको वर्ष |
|---|---|---|---|---|
| १ | एस.एल.सी. | श्री रामशाह उ.मा.वि. आँबुखैरेनी-६, तनहुँ | ५५.२५% | २०६३ |
| २ | आइ.एड. | श्री रामशाह उ.मा.वि. आँबुखैरेनी-६, तनहुँ | ४८.४०% | २०६६ |
| ३ | बि.एड. | आँबुखैरेनी क्याम्पस आँबुखैरेनी-६, तनहुँ | ५२.२७% | २०६९ |
| ४ | स्नातकोत्तर | आदिकवि भानुभक्त क्याम्पस दमौली, तनहुँ | | |